स्वावलम्बन
सम्बाद
स्वावलम्बन विकास केन्द्रको समाचारपत्र - असोज २०८०, अंक ७

मलेशियाको लङ्कावीमा १३औँ सामाजिक व्यवसाय दिवस सम्पन्न

शान्ति स्थापना र अर्थव्यवस्थाको पुर्नसंरचना गरी मानव अस्तित्व र पृथ्वीको रक्षा गर्न आह्वान

२०८० साउन ११ र १२ गते (जुलाई २७-२८, २०२३) मा विश्वभर सामाजिक व्यवसायका अभियन्ता, अभ्यासकर्ता तथा सरोकारवाला समुदायको सबैभन्दा ठूलो वार्षिक भेला **१३औँ सामाजिक व्यवसाय दिवस २०२३** मलेशियाको लङ्कावीमा सम्पन्न भएको छ। सम्मेलन शून्य गरीबी, शून्य बेरोजगारी तथा शून्य खुद कार्वन उत्सर्जन सहितको संसार सिर्जना गरी मानव अस्तित्वमा देखा परेका संकट तथा चुनौतिसँग एक भएर लड्ने सर्वसम्मत निर्णय गर्दै सम्पन्न भएको छ। साथै विश्वमा शान्ति स्थापना र अर्थव्यवस्थाको पुनर्संरचना गरी अघि बढ्न विश्वका अगुवाहरुलाई आह्वान गरिएको छ।

युनूस सेन्टर बंगलादेश र मलेशियाको अल्बुखारी इन्टरनेशनल युनिभर्सिटीको आयोजनामा सम्पन्न भएको १३औँ सामाजिक व्यवसाय दिवसको मूल नारा **'युद्ध, शान्ति र अर्थशास्त्र: मानव जातिको भविष्य'** **"War, Peace and Economics: Future of Human Beings."** रहेको थियो। सम्मेलन आयोजना स्थल आइल्याण्डको पेलांगी बीच रिसोर्ट तथा स्पामा सामाजिक व्यवसायका अगुवा, नोबेल पुरस्कार विजेताहरु, उद्योगपति, राजनीतिक नेतृत्व, खेल क्षेत्रका अगुवा, शिक्षाविद्, युवा अगुवा, नागरिक समाज तथा सरकारहरुका प्रमुख गरी करिब ६०० प्रतिनिधिहरु भेला भएर वर्तमान विश्वका साझा विषयहरुमा विचार बिमर्श गरेका थिए। उक्त सम्मेलनमा स्वावलम्बन विकास केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठको नेतृत्वमा ४१ सदस्यीय नेपाली प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो। जसमा लघुवित्त तथा सहकारी संस्था, गैरसरकारी संस्था, नेपाल राष्ट्र बैंक, नागरिक लगानी कोष लगायत अन्य वित्तीय क्षेत्रका प्रतिनिधि तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो।

१३औँ सामाजिक व्यवसाय दिवसको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रो. मोहम्मद युनूस

सम्मेलन उद्घाटन सत्रमा सन् २००६का नोवेल शान्ति पुरस्कार विजेता प्रोफेसर मोहम्मद युनूसले मानव अस्तित्व र समग्र पृथ्वीलाई बचाउन मानिसहरु सँग अब केही दशक मात्रै बाँकी रहेको र यो छोटो अवधिमा ढिलो नगरी असाधारण र साहसी कार्यहरुको शुरुवात गर्नु पर्ने उल्लेख गर्नु भयो। मानव जातिले आफू धनी एवं सम्पन्न बन्ने होडमा गरेको प्राकृतिक श्रोतको दोहन र वातावरण प्रतिकुल गतिविधिका कारण अहिले विषम प्रकारका जलवायुजन्य प्रकोप, रोगब्याधी, महामारी जस्ता समस्या बढ्दै गएको र यस्ता गतिविधि सुधार गरी नयाँ सभ्यता निर्माण गर्न तर्फ लाग्नु पर्नेमा पनि जोड दिनु भयो। साथै उहाँले शून्य खुद कार्बन उत्सर्जन, गरिबी अन्त्यका लागि धनको शून्य केन्द्रिकरण र उद्यमशीलता फैलाएर शून्य बेरोजगारी सहितको विश्व सिर्जना गरी सामाजिक आवश्यकतालाई सम्बोधन गर्न एक भएर अघि बढ्न उपस्थित सबैलाई आह्वान गर्नुभयो।

उद्घाटन सत्र पछि पहिलो दिन शान्ति प्रवर्द्धन र युद्धको अन्त्य बारे नोवेल शान्ति विजेताहरु सँगको सम्बाद र महामारी पछिको विश्वमा स्वास्थ्य सुरक्षाका लागि नयाँ पूर्वाधारको निर्माण, नयाँ अर्थ व्यवस्थाको आत्मसात र मानवजातिले भविष्यमा कसरी अघि बढ्ने विषयक २ वटा पूर्ण सत्रहरु सम्पन्न भएका थिए। जहाँ सन् १९९६का नोबेल शान्ति पुरस्कार विजेता पूर्वी टिमोरका पूर्व राष्ट्रपति डा. जोस रामोसे होर्टा, ब्राजिलकी वातावरण र जलवायु परिवर्तन मन्त्री मारिना सिल्भा, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिका अध्यक्ष थोमस वीच, पेरिसकी मेयर एनी हिडाल्गो लगायत वक्ताको रुपमा

यस भित्र

तीन शून्य क्लब ...	पृ. ३
स्वावलम्बन विकास केन्द्रको ...	पृ. ४
२०७९ को उत्कृष्ट उद्यमी ...	पृ. ५
शंकर मान श्रेष्ठ ...	पृ. ६
२०७९ को लघुउद्यमशीलता ...	पृ. ७
उत्कृष्ट गैर वित्तीय ...	पृ. ८
लघुवित्तका उच्च अधिकारी ...	पृ. ९
चन्द्रागिरीको मसिनेमा रहेको ...	पृ. १३
ग्राहक सदस्यलाई ऋण ...	पृ. १४
१७ वटा संस्थाका ...	पृ. १७
उद्यमी युवा पुस्ता ...	पृ. १९
२०७९ सालको उत्कृष्ट ...	पृ. २०
प्रशिक्षकको भूमिकामा..	पृ. २३
चौथो राष्ट्रिय लघुवित्त...	पृ. २४

सहभागी हुनुहुन्थ्यो । सहभागी सबै अगुवाहरुले विश्वमा बढ्दो द्वन्द्व प्रति गम्भिर चिन्ता प्रकट गर्दै सम्बादको माध्यमबाट शान्ति कायम गर्नुपर्ने धारणा राखेका थिए ।

पहिलो दिन नै १२ वटा मुलुकहरुका छुट्टा छुट्टै कन्ट्री फोरमहरु आयोजना गरिएका थिए । जसमा सामाजिक व्यवसाय कार्यक्रम अभ्यास गरिरहेका राष्ट्रहरुले आफुले गरेका कामको समीक्षा गर्दै आगामी दिनमा कसरी अघि बढ्ने भन्ने बारे ठोस मार्गचित्र प्रस्तुत गरेका थिए । साथै यी फोरमहरुलाई सामाजिक व्यवसायका अगुवा, अभियन्ता तथा कार्यान्वयनकर्ताको अनुभव र सिकाईहरु आदान प्रदान गर्ने मञ्चका रुपमा समेत लिईएको थियो । नेपाल फोरमले पनि उक्त अवसरमा ११औँ सामाजिक व्यवसाय दिवस, नेपाल फोरमले तयार पारेको दुई वर्षे कार्ययोजनाको उपलब्धि र प्रगतिबारे छलफल गर्दै आगामी दिनको लागि ८ बुँदे कार्ययोजना तयार पारेको छ । सो अवसरमा नेपाल लगायत बंगलादेश, मलेशिया, थाइल्याण्ड, चीन र ताइवान, अफ्रीका, जापान, ब्राजील, फिलिपिन्स, भारत र युरोप फोरम आयोजना गरिएका थिए ।

सबै कन्ट्री फोरमहरुको छलफलको सारांश मुख्य सत्रमा प्रस्तुत गरिएको थियो । प्रस्तुतिमा सबै राष्ट्रले सामाजिक व्यवसायको क्षेत्रमा काम गर्दाका सिकाई, अनुभव, उपलब्धि तथा आगामी योजना लगायतका विषयहरु समेटेका थिए । नेपालको तर्फबाट उक्त मञ्चमा नेपाल फोरम आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले प्रस्तुति गर्नु भएको थियो ।

सम्मेलनको दोस्रो दिन मलेशियाका पूर्व प्रधानमन्त्री डा. महाथिर बिन मोहम्मदले युद्ध, शान्ति र अर्थशास्त्र : मानव जातिको भविष्य विषयक सत्रलाई सम्बोधन गर्नु भएको थियो । सो अवसरमा महाथिरले विश्वलाई परिवर्तन गर्न र बस्न योग्य बनाउन युद्धलाई गैरकानूनी घोषणा गर्नु पर्ने धारणा राख्नु भयो । उहाँले जलवायु परिवर्तन, रसिया युक्रेन युद्ध, चीन ताइवान द्वन्द्व र कोभिड-१९ लगायतका विषय विश्वव्यापी समस्या भएको उल्लेख गर्नु भयो । साथै उहाँले यस्ता सबै समस्याको समाधानका लागि समाज प्रति उत्तरदायी भएको सामाजिक व्यवसायको अवधारणालाई आत्मसात गरी अघि बढ्नु पर्ने धारणा राख्नु भयो ।

सम्मेलनको दोस्रो दिनका सत्रहरुमा सहभागीहरुले शून्य गरीबी, शून्य बेरोजगारी तथा शून्य खुद कार्वन उत्सर्जन सहितको विश्वको निर्माण, नयाँ आर्थिक परिदृश्य निर्माणमा खेलकुद र सामाजिक व्यवसायको परिचालन, वर्तमान चुनौतीहरुलाई सम्बोधन गर्न उद्यमशीलताको विकास र प्रवर्द्धन तथा सुधारिएको अर्थ व्यवस्था सहितको नयाँ सभ्यता सिर्जना बारे छलफल गरेका थिए ।

सम्मेलन समापन सत्रलाई सम्बोधन गर्दै प्रोफेसर मोहम्मद युनूसले विशेष गरी धनी राष्ट्रहरुले हतियार उत्पादनमा अरबौं डलर लगानी गर्नुको साथै वर्षेनी हतियार र युद्धको लागि ठूलो बजेट खर्चने गरेको उल्लेख गर्दै शान्तिको लागि कुनै बजेट नभएको गुनासो गर्नु भएको थियो । साथै उहाँले आर्टिफिसिएल इन्टेलिजेन्स (एआई)को दृष्टान्त दिदै सीमित धनी र शक्तिशाली व्यक्ति वा राष्ट्र सम्पन्नताको बलमा प्रविधिको विकास गरी श्रमिक वर्गलाई विस्थापित गर्न सक्ने प्रति चिन्ता व्यक्त गर्नु भयो । साथै उहाँले विश्वलाई नयाँ सभ्यताको अपरिहार्यता रहेको भन्दै सामाजिक भलाईमा प्रभावकारी आविष्कारको खाँचो रहेको बताउनु भयो । उहाँले मानिस जन्मजात उद्यमी भएको उल्लेख गर्दै नयाँ पुस्ताका युवालाई जागिरको पछि दौडनु भन्दा उद्यमी बनेर संसारलाई सामाजिक व्यवसायको बाटोमा डोऱ्याउन आग्रह गर्नु भयो ।

सम्मेलनका सहभागीहरुका साथ मलेशियाका पूर्व प्रधानमन्त्री डा. महाथिर बिन मोहम्मद र प्रो. युनूस

सम्मेलनमा अभियन्ता तथा स्तम्भकार मरीना महाथिर, अल्बुखारी फाउण्डेसनकी ट्रस्टी शरीफाह सोफिया, टिमोर लेस्टेका अध्यक्ष जोसे रामोस होर्टा, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष थोमस वीच, ब्राजिलकी वातावरण मन्त्री मारिना सिल्भा, यायासन हसनाहका ट्रस्टी तथा प्रबन्ध निर्देशक शाहिरा अहमद बजारी, युएन ह्याबिट्याट प्रमुख मैमुनाह मोहम्मद शरीफ लगायत १२० जना विशिष्ट वक्ताहरुले सम्बोधन गरेका थिए । यस कार्यक्रममा विश्वभरका ३१ देशहरुबाट सामाजिक व्यवसाय अभियानमा आवद्ध करिब ६०० जनाको सहभागिता रहेको थियो ।

सम्मेलनकै अवसरमा जुलाई २९, २०२३ का दिन विश्वभरका सबै युनूस सामाजिक व्यवसाय केन्द्रहरुको बौद्धिक छलफल र ३ शून्य क्लबहरुको वार्षिक सम्मेलन गरी दुईवटा कार्यक्रम पनि सम्पन्न भएका थिए । सो अवसरमा तीन शून्य क्लबको प्रवर्द्धन र गठनमा उत्कृष्ट काम गर्ने संस्था र व्यक्तिहरु पुरस्कृत भएका थिए । जस अनुसार नेपालको जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले लगातार दोस्रो पटक ३ शून्य सहयोगी संस्था घोषित हुदै पुरस्कार प्राप्त गरेको थियो । यस्तै तीन शून्य सहयोगी व्यक्तिको पुरस्कार भारतको करियर पोइन्ट यूनिभर्सिटीकी सहायक प्रोफेसर आरती जम्बाल शर्माले प्राप्त गर्नु भएको छ भने मलेशियाको पो-स्टिच इनिसिएटिभ उत्कृष्ट तीन शून्य क्लब घोषित भएको थियो ।

१३औँ सामाजिक व्यवसाय दिवसमा नेपाल कन्ट्री फोरमद्वारा ८ बुँदे कार्ययोजना पारित

सन् २०१८ देखि स्वावलम्बन विकास केन्द्रको पहलमा विभिन्न वित्तीय संस्था, गैर वित्तीय संस्था तथा सरोकारवाला सरकारी निकायका प्रतिनिधिको संलग्नतामा विश्व सामाजिक व्यवसाय दिवसको अवसरमा नेपाल फोरमको आयोजना गर्दै आएको छ । केन्द्रको नेतृत्वमा हुने यस कार्यक्रमले सामाजिक व्यवसायका पक्षधर सरोकारवालाहरुलाई एकै ठाउँमा भेला गराई विचार विमर्श गर्ने तथा अगाडिको बाटो तय गर्ने मञ्च प्रदान गर्दछ । नेपाल फोरमकै कारण सामाजिक व्यवसायको अनुसरण गर्ने तथा यस विषयमा सक्रिय हुनेहरुको समूह वा संख्या बढ्दै गएको छ । साथै सामाजिक व्यवसायको बारेमा बुझाई र यसको आवश्यकता पनि व्यापक रुपमा हुन थालेको छ ।

नेपाल फोरमका सहभागीहरु माझ प्रो. युनूस

यस पटक पनि केन्द्रको नेतृत्वमा सन् २०२३ को अंग्रेजी महिना जुलाई २७ र २८का दिन मलेशियाको लङ्गावी शहरमा सम्पन्न १३औँ सामाजिक व्यवसाय दिवसको अवसरमा ४१ सदस्यीय नेपाली टोली सहभागी भयो । सम्मेलनको पहिलो दिन अन्य १५ वटा राष्ट्रका फोरमहरु सँगै नेपाल फोरमको पनि आयोजना भयो । फोरमले ८ बुँदे कार्ययोजना तय गऱ्यो ।

फोरममा विश्वभर सामाजिक व्यवसायको आवश्यकता र महत्व के छ, यसले अपरिहार्यता कसरी बढ्दै छ, यसलाई हामीले आफ्नो परिप्रेक्षमा कसरी अंगाल्न सक्छौ भन्ने जस्ता विषयमा विचार विमर्श भयो । साथै यसमा हाल सम्म भएका उपलब्धि र आगामी दिनमा कसरी अघि बढ्ने भन्ने जस्ता विषयमा पनि छलफल भएको थियो ।

नेपाल फोरम आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठको अध्यक्षतामा भएको नेपाल कन्ट्री फोरममा सन् २००६का नोबेल पुरस्कार विजेता प्रो. मोहम्मद युनूस र युनूस सेन्टर बंगलादेशका कार्यकारी निर्देशक लामिया मोर्सेदको पनि उपस्थिति रहेको थियो । साथै नेपाल राष्ट्र बैंक, नागरिक लगानी कोष लगायत बैंक तथा वित्तीय संस्था र गैर सरकारी संस्थाको प्रतिनिधित्व गर्दै ४१ जनाको सहभागिता रहेको थियो ।

फोरमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै नेपाल फोरम आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले विश्वभर भइरहेका युद्ध, बढ्दो तापक्रम, जलवायुजन्य प्रकोप र कोरोना महामारीको सन्दर्भ औँल्याउँदै यस्ता विश्वकै साझा समस्याहरुले मानव विकासलाई निकै पछि धकेलेको र तल्लो वर्गलाई अझ गरिबी र विपन्नता तर्फ धकेलेर थप पीडा दिएको उल्लेख गर्नु भयो । उहाँले यस्ता समस्या समाधानको लागि मानवीय स्रोतहरुमा विपन्नवर्गको पहुँच बढाउने तथा समग्रमा सामाजिक उत्तरदायित्व सहितको व्यवसाय अर्थात सामाजिक व्यवसाय अवलम्बन गर्नु अपरिहार्य भएको उल्लेख गर्नु भयो । साथै उहाँले सामाजिक व्यवसाय दिवस र सम्मेलनका सत्रहरुमा नेपाली प्रतिनिधि मण्डलका सबैलाई अर्थपूर्ण र सक्रिय सहभागिता जनाउन आग्रह समेत गर्नु भयो ।

फोरम उद्घाटन सत्रमा नेपाल फोरम आयोजक समिति सदस्य गीता कुमारी योगी गिरीले सहभागीहरुलाई स्वागत गर्नु भयो । उद्घाटन समारोह पछि ११औँ सामाजिक व्यवसाय दिवस, नेपाल फोरमले पारित गरेको कार्य योजना अनुसार सामाजिक व्यवसायको क्षेत्रमा विभिन्न संस्थाहरु मार्फत भएका उपलब्धिहरुबारे समीक्षा भएको थियो । सो को प्रस्तुति मानुषी लघुवित्त वित्तीय

(बाँकी पृष्ठ १३ मा)

तीन शून्य क्लब प्रवर्द्धनका अगुवाहरु पुरस्कृत

३ जीरो क्लबको प्रवर्द्धन तथा गठनमा विश्वभर उत्कृष्ट काम गर्ने व्यक्ति र संस्थालाई मलेशियाको लङ्गावीमा १३औँ सामाजिक व्यवसाय दिवसको अवसरमा आयोजित तीन शून्य क्लब सम्मेलनको अवसरमा पुरस्कृत गरिएको छ । उक्त अवसरमा पुरस्कृत हुनेमा नेपालको जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड उत्कृष्ट तीन शून्य क्लब सहयोगी संस्थाको रुपमा पुरस्कृत भएको छ । जीवन विकासले लगातार दुई पटक यो पुरस्कार पाएको हो । सम्मेलनको अवसरमा प्रो. मोहम्मद युनूसले जीवन विकासका प्रतिनिधिलाई उक्त पुरस्कार हस्तान्तरण गर्नु भएको हो । ५१ वटा मुलुकमा गठन भएका १२९० वटा तीन शून्य क्लब मध्ये जीवन विकास एक्लैले ४ सय ६८ वटा तीन शून्य क्लबहरु गठन गरेको छ । यो संख्या कुनै पनि एउटै संस्थाले गठन गरेको सबै भन्दा धेरै ठुलो संख्या हो ।

त्यसैगरी, तीन शून्य क्लवको माध्यमबाट मलेशियामा प्रभावकारी काम गरेबापत मलेशियन थ्रीजीरो क्लब पो-स्टिच इनिसिएटिभलाई बेस्ट थ्रीजीरो क्लबको उपाधि प्रदान गरिएको छ भने सर्वश्रेष्ठ तीनशून्य क्लब सहयोगी व्यक्तिको अवार्डबाट क्यारियर प्वाइन्ट विश्वविद्यालय, भारतकी सहायक प्राध्यापक आरती जाम्वाल शर्मालाई पुरस्कृत गरिएको छ ।

प्रो. मोहम्मद युनूसबाट पुरस्कार ग्रहण गर्दै जीवन विकास लघुवित्तका प्रतिनिधि

स्वावलम्बन विकास केन्द्रको ३२औँ वार्षिकोत्सव समारोह सम्पन्न

समारोहलाई उद्घाटन गर्दै गभर्नर महाप्रसाद अधिकारी

वित्तीय पहुँचको माध्यमबाट ग्रामीण क्षेत्रका विपन्न समुदायको जीवनस्तर माथि उकास्दै गरीबी निवारण गर्ने दूरदृष्टिका साथ विक्रम सम्बत् २०४८ साल श्रावण २८ गते स्थापना भएको स्वावलम्बन विकास केन्द्र ३३औँ वर्षमा प्रवेश गरेको छ। यस अवसरमा लघुवित्त क्षेत्रमा उत्कृष्ट कार्य गर्ने लघुवित्त सदस्य र लघुवित्त सञ्चालन गर्ने संस्थालाई पुरस्कृत गरिएको छ। केन्द्रले २०७३ साल देखि उद्यमशीलता विकासमा उत्कृष्ट काम गर्ने एउटा संस्थालाई लघुउद्यमशीलता विकास पुरस्कार र तीन जना लघुवित्त सदस्यलाई उत्कृष्ट लघुउद्यमी सदस्य पुरस्कारबाट सम्मानित गर्दै आएको छ। यस वर्षबाट केन्द्रका अध्यक्ष तथा लघुवित्त अभियन्ता शंकर मान श्रेष्ठको सम्मानमा स्थापना गरिएको **शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कार** पनि प्रदान गरिएको छ। यो पुरस्कार लघुवित्त क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्था वा व्यक्तिलाई प्रदान गरिन्छ।

केन्द्रको ३२औँ वार्षिकोत्सव समारोहका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारीले उक्त पुरस्कार हस्तान्तरण गर्नु भएको थियो। उक्त समारोहमा बोल्दै गभर्नर अधिकारीले नेपालको ग्रामीण भेगका विपन्न महिलामा वित्तीय साक्षारता तथा वित्तीय समावेशीकरणमा लघुवित्तले पुऱ्याएको अतुलनीय योगदानलाई नेपाल राष्ट्र बैंकले महत्वका साथ हेरेको र यस क्षेत्रमा देखा परेका समस्यालाई समाधान गर्न तथा लघुवित्त संस्थालाई सही बाटोमा हिँडाउन उपयुक्त कदम चाल्ने उल्लेख गर्नुभयो। साथै उहाँले लघुवित्तको महत्वपूर्ण भूमिकालाई स्थापित गर्न तथा लघुवित्त अभियानलाई सही बाटोमा ल्याउन शुरु देखिनै स्वावलम्बन विकास केन्द्रले महत्वपूर्ण योगदान गरेको भन्दै भविष्यका दिनमा पनि यस्तै सक्रियताको अपेक्षा रहेको उल्लेख गर्नु भयो। "लघुवित्त संस्था र गरीब तथा विपन्न क्षेत्रका महिलाहरुको उत्थानमा स्वावलम्बन विकास केन्द्रको सक्रियता निकै सह्रानीय छ। यस्तो कठिन अवस्थामा पनि लघुवित्त संस्था र लघुवित्त सदस्यहरुलाई भेला गराएर उनीहरुले गरेका असल कामको उजागर गरी उत्प्रेरणा दिने काम गरेको छ। यसले लघुवित्त अभियानलाई सही बाटो हिड्ने प्रेरित गर्छ।" गभर्नर अधिकारीले भन्नुभयो। यसको साथै गभर्नर अधिकारीले अहिलेको अवस्थामा लघुवित्त क्षेत्रमा केही समस्या देखा परेको र त्यसलाई समाधान गर्न नेपाल राष्ट्र बैंक लागि परेको तर लघुवित्तको विकल्पबारे सोच्न नसकिने धारणा राख्नुभयो।

समारोहका सभाध्यक्ष तथा केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले विगत ३२ वर्षमा स्वावलम्बन विकास केन्द्रले नेपालका लघुवित्त कार्यक्रमको शुरुवात देखि यसको विकास र प्रवर्द्धन, लघुवित्त सदस्यमाझ उद्यमशीलता विकास, लघुवित्त मार्फत समुदायलाई आत्मनिर्भर र स्वावलम्बी बनाउने लगायत समाज प्रति उत्तरदायी बनाउने तर्फ केन्द्रित भएको जानकारी दिनुभयो। साथै उहाँले पछिल्लो समय लघुवित्त संस्थाहरु उद्देश्य अनुरूप चल्न नसक्दा समस्या आएको तर लघुवित्तको विकल्प नभएको उल्लेख गर्नु भयो। "आजको दिन मलाई निकै महत्वपूर्ण लाग्छ ३२ वर्ष अघि आजकै दिन हामी ९ जना मिलेर स्वावलम्बन विकास केन्द्र शुरु गरेका थियौँ। पछि केही साथिहरु पनि थपिए र बिकट जिल्ला जुम्लाबाट सामाजिक विकास र वित्तीय साक्षारताका प्रयासहरु शुरु भए। करिब १० वर्ष पछि बैंकिङ कार्यक्रम स्वायत्त रुपमा स्वावलम्बन लघुवित्त वित्तीय संस्थाको रुपमा अलग भए पछि केन्द्रको काम लघुवित्त संस्था र लघुवित्तकर्मीलाई सक्षम, स्वच्छ र सवल बनाउने अवधारणाबाट यसको पुनर्संरचना गऱ्यौँ। अहिले केन्द्रले लघुवित्तका सदस्यहरुलाई उद्यमी तथा स्वावलम्बी बनाउने प्रयास गर्दै आएको छ। साथै पछिल्लो समय वर्तमान विश्वकै लागि तीन ठूला समस्या गरिबी, बेरोजगारी तथा कार्बन उत्सर्जन न्यूनिकरण गर्न लघुवित्त तथा सहकारी सदस्यहरु मार्फत काम गरी रहेको छ। श्रेष्ठले भन्नुभयो।

अध्यक्ष श्रेष्ठले गरीब र विपन्न समुदायको उत्थानको लागि लघुवित्त अपरिहार्य र निर्विकल्प कार्यक्रम भएको उल्लेख गर्नुभयो। "नेपालको गरिबी निवारण गर्ने हो भने लघुवित्तको विकल्प छैन्। बरु लघुवित्तलाई अहिलेको जस्तो होइन यसको तौर तरिकामा सुधार गर्नु पर्छ, पुनर्संरचना गर्नु पर्छ। लघुवित्त सिद्धान्त अनुसार चल्नु पर्छ। अहिले लघुवित्तले हुने खानेलाई सेवा दिने गरेका छन्। धनीलाई नभई गरीब र विपन्नवर्गलाई लक्षित गरी सेवा प्रवाह गर्नु पर्छ। उहाँले थप्नु भयो।

उक्त अवसरमा केन्द्रका उपाध्यक्ष महेन्द्र कुमार गिरीले स्वावलम्बन विकास केन्द्रले लघुवित्त क्षेत्रलाई अभिभावकत्व प्रदान गर्दै आएको बताउँदै आगामी दिनमा पनि यसको लागि केन्द्र अघि बढ्ने प्रतिबद्धता जनाउनु भयो। साथै उहाँले समारोहमा उपस्थित सबैलाई स्वागत गर्नुभयो।

समारोहमा केन्द्रका संस्थापक सदस्य डा. सुमित्रा मानन्धर गुरुङ्गले स्वावलम्बन विकास केन्द्रको ३२ बर्षे यात्राबारे प्रकाश पार्नु भएको थियो। उहाँले कर्णाली तथा पूर्वी तराईमा विद्यमान गरिबी, जनचेतनाको अभाव, लैङ्गिक विभेद लगायत रुढीवादको चपेटामा परेको समुदायको जीवनस्तर उकास्दै ३२ बर्ष अघि शुरु भएको केन्द्रको यात्रा अहिले केही हद सम्म आफ्नो लक्षमा सफल भएको बताउनु भयो। तर लघुवित्त अभियानले अझै पनि गरीब र निमुखा वर्गको उत्थानमा धेरै काम गर्न बाकी रहेको बताउनु भयो।

समारोहमा यस वर्षबाट शुरुवात गरेको शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कारका साथै केन्द्रले हरेक बर्ष प्रदान गर्ने उत्कृष्ट लघुउद्यमशीलता विकास पुरस्कार र उत्कृष्ट उद्यमी सदस्य पुरस्कार पनि हस्तान्तरण गरिएको छ। सोही अवसरमा विगतमा केन्द्रको प्रबन्ध समितिमा रही संस्थागत विकासमा योगदान गर्नु भएकोमा केन्द्रका पूर्व प्रबन्ध समिति सदस्यहरु राम कुमार श्रेष्ठ, अर्जुन कुमार श्रेष्ठ, मणी कुमार अर्ज्याल, सुधीर कुमार श्रेष्ठ र डा. गोपाल दहितलाई पनि सम्मानित गरिएको छ।

सम्मान तथा पुरस्कार समारोहका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारी र समारोहका सभाध्यक्ष शंकर मान श्रेष्ठले हस्तान्तरण गर्नु भएको थियो।

समारोहमा बैंक तथा वित्तीय क्षेत्रका साथै अन्य विभिन्न क्षेत्रका करिब २८० जनाको सहभागिता रहेको थियो।

विक्रम सम्वत् २०४८ साल साउन २८ मा स्थापना भई पुष १७ गते नेपालकै विकट क्षेत्र कर्णालीको जुम्ला जिल्लाबाट सामुदायिक स्वावलम्बन विकास परियोजना सञ्चालन गरेर लघुवित्तको सुरुवात गरेको केन्द्रले २०४९ सालमा पूर्वी तराईका सिरहा, सप्तरी र उदयपुर जिल्लामा स्वावलम्बन बैकीङ कार्यक्रम सुरुवात गरेको थियो। विपन्न र पिछडिएका महिलाहरुमा वित्तीय पहुँच पुऱ्याउने लक्षका साथ परीक्षणको रुपमा शुरु गरिएको यो कार्यक्रमको सफलता पछि स्वावलम्बन लघुवित्त कार्यक्रम मुलुकभर विस्तार भएको हो। विक्रम सम्वत् २०५१ सालमा शुरु भएको स्वावलम्बन लघुवित्त कार्यक्रम विक्रम सम्वत् २०५८मा ८ जिल्लाका ३५ हजार भन्दा बढी सदस्य र २९ हजार ऋणी सदस्यहरु सहित स्वावलम्बन विकास बैंक (हाल स्वावलम्बन लघुवित्त वित्तिय संस्था लि.) प्रवर्द्धन गरी कर्जा सँगै सम्पति दायित्व एवं जनशक्ति हस्तान्तरण गरियो। यसको करिब एक दशक पछि थप १४ जिल्लाका ५८ हजार ४ सय ४१ सदस्य सहित जिन्सी, नगद तथा जनशक्ति स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरेको थियो।

केन्द्रको पहलमा वि.सं. २०४९ सालमा जुम्लामा ६१ वटा आत्मनिर्भर समूह गठन भएका थिए। त्यस पछि कालिकोट, दाङ, सल्यान र ओखलढुङ्गा जिल्लामा पनि कार्यक्रम विस्तार गरिएको थियो। लघुवित्त

समारोहका सहभागीहरु

कार्यक्रम स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडलाई हस्तान्तरण गरे पछि केन्द्रले आफ्नो कार्यदिशा परिवर्तन गरेको हो। यसले लघुवित्त संस्थाहरुमा स्वच्छ लघुवित्त प्रवर्द्धन र शुद्धिकरणको लागि सक्षम र सकारात्मक जनशक्ति निर्माणमा लागेको छ। साथै लघुवित्त सेवाग्राही सदस्यहरुको चेतना, क्षमता तथा वित्तीय साक्षरता विकास गर्ने कार्यको पनि संयोजन गर्दै आएको छ।

लघुवित्त तथा सहकारी संस्थाहरुसँगको सहकार्यमा केन्द्रले 'स्वच्छ लघुवित्त निर्माणको अभियान, घरघरमा उद्यम फैलाउने अभियान, साथै स्वरोजगार सृजना गर्ने जस्ता अभियानहरु चलाउदै आएको छ। पछिल्लो समय उद्यमशीलता विकास अभियान, वातावरणमैत्री स्वावलम्बन गाउँ विकास अभियान, सामाजिक व्यवसाय तथा युवा उद्यमशीलता विकास लगायतका अभियान पनि शुरु गरेको छ। हाल केन्द्रले गरीबी र बेरोजगारी सँगै वातावरण तथा जलवायु परिवर्तन अनुकुलनका क्षेत्रमा पनि काम गर्दै आएको छ। यसकोलागि लघुवित्त तथा सहकारी संस्थाहरु, विभिन्न स्कूल, कलेजहरू एवं अन्य साझेदार संस्थाहरू सँग सहकार्य गरी तीन शून्य क्लबको गठन तथा प्रवर्द्धन गर्ने, विद्यालयस्तरमा वातावरणीय शिक्षा प्रदान गर्ने जस्ता कार्यको पनि थालनी गरेको छ। साथै बङ्गलादेशको युनूस सेन्टर सँगको सहकार्यमा नेपालमा पनि सामाजिक व्यवसाय प्रवर्द्धनको लागि जनवकालत तथा पैरवी पनि गर्दै आएको छ।

२०७९ को उत्कृष्ट उद्यमी सदस्य पुरस्कारबाट मारेम्लुङ, थारु र वली सम्मानित

सम्मान ग्रहणपछि उद्यमशीलता विकासमा उत्कृष्ट काम गर्ने सदस्य र संस्थाका प्रतिनिधि

२०७९ सालको उत्कृष्ट उद्यमी सदस्य पुरस्कारबाट स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.की सदस्य चुलाचुली ४, इलामकी बविता मारेम्लुङ्ग, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.की सदस्य बर्दिया निवासी फुल कुमारी थारू र उपकार लघुवित्त वित्तीय संस्था लि. की सदस्य राप्ती सोनारी बाँके निवासी प्रेम कुमारी वली हुनुहुन्छ।

पुरस्कृत मध्ये फुल कुमारी र प्रेम कुमारी कृषि उद्यमी हुनुहुन्छ भने बविता मारेम्लुङ्ग कपडा व्यवसायमा सफल र उदाहरणीय उद्यमी हुनुहुन्छ। उहाँहरु तीनै जना जनही रु.२५ हजार र प्रमाणपत्रबाट सम्मानित हुनु भएको हो।

"शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कार"को शुरूवात:

पहिलो पुरस्कार छिमेक लघुवित्तलाई

स्वावलम्बन विकास केन्द्रले लघुवित्त कार्यक्रमको मर्म, भावना, सिद्धान्त तथा उद्देश्य अनुरुप लघुवित्तको लक्षित वर्ग विपन्न परिवारको जीवनस्तर उकास्न उत्कृष्ट कार्य सम्पादन गर्नेलाई कदर स्वरुप पुरस्कृत गर्न केन्द्रका अध्यक्ष तथा लघुवित्त अभियन्ता शंकर मान श्रेष्ठको सम्मानमा "शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कार" प्रदान गर्न शुरु गरेको छ।

प्रमुख अतिथिबाट पुरस्कार ग्रहण गर्दै छिमेक लघुवित्तका अध्यक्ष रामचन्द्र जोशी

ग्रामीण मोडेलको लघुवित्त कार्यक्रम शुरु गर्न र यसको विकास तथा प्रवर्द्धनमा निरन्तर लागि पर्नु भएका श्रेष्ठको सम्मानमा स्थापना भएको उक्त पुरस्कार प्राप्त गर्ने छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड पहिलो संस्था बनेको छ। गत वर्ष लघुवित्तको मर्म र भावना अनुसार लघुवित्तका लक्षित वर्ग माझ उत्कृष्ट वित्तीय एवं गैर वित्तीय सेवा प्रदान गरे वापत छिमेकलाई रु.२ लाख राशि सहितको उक्त पुरस्कारबाट सम्मानित गरिएको हो।

केन्द्रको ३२औँ वार्षिकोत्सवको अवसरमा २०८० साउन २८ का दिन आयोजित एक समारोहका बीच प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारीले छिमेक लघुवित्तका अध्यक्ष राम चन्द्र जोशीलाई उक्त पुरस्कार हस्तान्तरण गर्नु भएको थियो।

आफूले वित्तीय क्षेत्रमा सेवा प्रारम्भ गरे देखिनै कृषि कर्जा र लघुवित्तको प्रवर्द्धन, विकास, विस्तार र सुदृढीकरणमा अनवरतरुपमा दृढ संकल्पित रही तन, मन, बचनले योगदान गर्दै आउनु भएका दुरदर्शी व्यक्तित्वका धनी शंकर मान श्रेष्ठको सम्मानमा स्थापित लघुवित्त पुरस्कारबाट सम्मानित गर्दा लघुवित्त क्षेत्रमा काम गर्नेहरुले आफूलाई गौरवान्वित ठान्ने र यस क्षेत्रमा काम गर्न थप जाँगर र उत्साह बढ्ने यथार्थतालाई आत्मसाथ गर्दै उहाँको नामबाट एउटा पुरस्कार स्थापना गर्न श्रेष्ठकी धर्मपत्नी शान्ति देबी श्रेष्ठले स्वावलम्बन विकास केन्द्रलाई अनुरोध गर्नु भएको र त्यसको लागि निजले रू. १० लाख योगदान स्वरुप प्रदान गर्नु भएको थियो। सोही अनुरोधलाई स्वीकार गरी केन्द्रको २८औँ साधारण सभाले "शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कार" स्थापना गर्न अक्षयकोष खडा गर्ने र केन्द्रको तर्फबाट पनि रू. १० लाख योगदान गर्ने सर्वसम्मतिबाट निर्णय भएको थियो।

श्रेष्ठको योगदानको सम्मानमा शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कार अक्षय कोष स्थापना गर्ने निर्णयमा केन्द्रका संस्थापक सदस्य लुमिन कुमार श्रेष्ठले स्वीकृति दिदै आफ्नो आमाको नाममा स्थापना गर्नु भएको श्री मञ्चुका स्मृति कोषको तर्फबाट पाँच लाख रुपैयाँ र केन्द्रका संस्थापक सदस्य डा. सुमित्रा मानन्धरले पनि व्यक्तिगत रुपमा तीन लाख रुपैयाँ प्रदान गर्नु भएको थियो। यसै गरी उक्त अक्षय कोषमा सहारा नेपाल बचत तथ ऋण सहकारी संस्था लिमिटेडबाट तीन लाख रुपैयाँ र उक्त संस्थाका कर्मचारीहरुको तर्फबाट एक लाख रुपैयाँ, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.बाट एक लाख रुपैयाँ, किसान बहुउद्देश्यीय सहकारी संस्था लि.बाट एक लाख पचपन्न हजार पाँचसय पचपन्न रुपैयाँ, ग्रामीण महिला उत्थान केन्द्रबाट एकलाख एक सय एघार रुपैयाँ योगदान स्वरुप प्राप्त भयो।

छनौटको लागि यस वर्ष लघुवित्त तथा सहकारी संस्थाहरुले प्रवाह गरेको वित्तीय र गैर वित्तीय सेवाको गुणस्तर, यसको आर्थिक तथा सामाजिक प्रभाव, सदस्य, कर्मचारी तथा समाजप्रतिको उत्तरदायित्व वहनमा खेलेको भूमिकामा आधारित विभिन्न १६ वटा मापदण्डहरुको अध्ययन तथा विश्लेषणको आधारमा तीन सदस्यीय पुरस्कार मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अंकभारको आधारमा उच्च अंक प्राप्त गर्नेलाई विजेता घोषणा गरिएको थियो। हरेक दुई वर्षमा प्रदान गरिने उक्त पुरस्कार लघुवित्त क्षेत्रमा उत्कृष्ट काम गर्ने लघुवित्त संस्था र व्यक्तिलाई प्रदान गर्ने उद्देश्य राखिएको छ।

छिमेक सेवा समाजले सन् २००१मा छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट लघुवित्त कारोवार गर्न इजाजत प्राप्त गरेको थियो। हाल यो संस्था देशको सबैभन्दा ठूलो लघुवित्त संस्था बन्न सफल भएको छ। स्थापना कालमा रू. १ करोडको चुक्ता पूँजीबाट शुरु गरेको कारोबार हाल करिब रू. २ अर्व ८३ करोड ५० लाख पुगेको छ। छिमेक लघुवित्तले हाल ६९ जिल्लाका १ सय ९७ शाखाबाट १ हजार २ सय ७५ कर्मचारी मार्फत करिब ४ लाख २० हजार सदस्यलाई सेवा प्रदान गर्दै आएको छ। उक्त संस्थाको हाल ३३ अर्ब ४७ करोड रुपैया लगानीमा रहेको छ। उत्कृष्ट वित्तीय सुचक सँगै छिमेकले उत्कृष्ट गैर वित्तीय सेवाहरु पनि प्रदान गर्दै आएको छ। आफ्ना ऋणी सदस्यहरुको सीप तथा क्षमता विकासकालागि सीपमुलक तथा व्यावसायिक तालिम पनि प्रदान गर्दै आएको छ। लघुउद्यम र व्यावसायिक नमुना गाउँ कार्यक्रम, पशुपंक्षीहरुको रोग निवारणका लागि खोप कार्यक्रम पूर्णक्षति विपत्ति कोष कार्यक्रम, ग्राहक गुनासो सुनवाई कार्यक्रम जस्ता गैर वित्तीय सेवा पनि प्रदान गर्दै आएको छ। वित्तीय सेवा प्रवाहका क्रममा गुनासो सुनुवाईका लागि सुझाव पेटिका, इकाई प्रतिनिधि भेला र सुझावका आधारमा समय सापेक्ष ग्राहकमैत्री कार्यक्रमको तर्जुमा गर्ने गरेको र छिमेकसँग १० वर्ष भन्दा बढी समय देखि निरन्तर कर्जा लिई व्यवसाय गर्ने विशिष्ट सदस्यलाई विशेष सम्मान कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। साथै छिमेकले बचत संस्कृतिलाई प्रवर्द्धन गर्न छिमेक बचत कार्यक्रम, आय आर्जनलाई प्रोत्साहित गर्ने, लघुउद्यम विकासलाई सहयोग पुऱ्याउने र सदस्यहरूलाई सामाजिक सुरक्षा सेवाहरू समेत प्रदान गर्ने गरेको छ। छिमेक नेपालमै पहिलो पटक अन्तर्राष्ट्रियस्तरको ग्राहक संरक्षण प्रमाणपत्र प्राप्त गर्ने पहिलो नेपाली लघुवित्त संस्था मध्येमा पनि पर्छ।

२०७९ को लघुउद्यमशीलता विकास पुरस्कार सहारा साकोसलाई

स्वावलम्बन विकास केन्द्रले प्रदान गर्ने २०७९ सालको लघुउद्यमशीलता विकास पुरस्कारका विजेताहरुलाई पुरस्कृत गरेको छ। २०८० साउन २८ का दिन केन्द्रको ३२औं वार्षिकोत्सवका अवसरमा आयोजित एक समारोहमा उक्त पुरस्कार हस्तान्तरण गरिएको हो।

समारोहका प्रमुख अतिथि र सभाध्यक्षबाट पुरस्कार ग्रहण गर्दै सहारा साकोसका अध्यक्ष हरिबहादुर राजवंशी

लघुउद्यमशीलता विकास पुरस्कारबाट बिर्तामोड, झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. पुरस्कृत भएको छ। रु.१ लाख राशिको उक्त पुरस्कार हरेक वर्ष लघुवित्त सदस्यलाई वित्तीय र गैर वित्तीय सेवा प्रवाह गर्दै आफ्ना ग्राहक सदस्यमाझ उद्यमशीलता विकासमा उत्कृष्ट काम गर्ने एउटा संस्थालाई प्रदान गरिन्छ।

झापा जिल्लाको तत्कालिन चारपाने, अर्जुनधारा र घैलाडुब्बा गरी ३ गाउँ विकास समितिहरुलाई कार्यक्षेत्र बनाई विक्रम सम्वत् २०५२ सालमा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना भएको थियो। ३३ जना स्थानीय अगुवाबाट रु.३४,०००।- शेयर पूजी संकलन गरी सहकारीको मूल्य र मान्यताको अवलम्बन गर्दै यस क्षेत्रमा छरिएर रहेको स-सानो पूँजी संकलन गरी आयमूलक, सीपमूलक तथा रोजगारीको सृजना गर्न संकलित पूँजीको परिचालन गरी गरीब, बिपन्न तथा पिछडिएका वर्गको उत्थान गर्ने उद्देश्यले सहाराको स्थापना भएको थियो।

संस्था स्थापनाको ६ वर्ष पछि बि.सं. २०५८ साल भाद्र १४ गतेबाट लघुवित्त कार्यक्रमको शुरुवात गरेको सहाराले विस्तारै आफ्नो कार्यक्षेत्र क्रमशः बृद्धि गर्दै हाल कोशी प्रदेशको ६ जिल्ला (झापा, मोरङ्ग, सुनसरी, उदयपुर, इलाम र पाँचथर) को ७० वटा स्थानीय तह सम्म पुऱ्याएको छ। हाल सहाराको शेयर पूँजी १ अर्ब ६३ करोड रहेको छ भने करिब १३ अर्ब कर्जा सापटी दिएको छ। सहाराले हाल कोशी प्रदेशका ६ जिल्लामा ८० वटा सेवा केन्द्र मार्फत ५ सय १५ जना कर्मचारीले १ लाख ६० हजार सदस्यलाई सेवा प्रवाह गर्दै आएको छ। वित्तीय सेवासँगै सहारा नेपालले सदस्यहरुको लागि शिक्षा, स्वास्थ्य, सामाजिक संरक्षण जस्ता गैर वित्तीय सेवा तथा करिब २ दर्जन शिर्षकमा सामाजिक हितका कार्यहरु गर्दै आएको छ। सदस्यको संरक्षणमा जन्म देखि मृत्यु सम्म सहारा भन्ने अवधारणा अनुसार अगाडी बढेको छ।

सहाराले आफ्ना सदस्यमाझ उद्यमशीलता विकासमा विभिन्न रणनीतिक योजना बनाएर अघि बढेको छ। जस अनुसार झापा जिल्लालाई मासु, मह तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने लक्ष लिएको छ। यसको लागि जिल्लाका विभिन्न क्षेत्रलाई विशेष उत्पादन क्षेत्र घोषणा गरी सेवा प्रवाह गर्दै आएको छ। विशेष उत्पादन क्षेत्र विकास गरेको ठाउँमा, सदस्यको उत्पादनको बजारीकरणमा सहयोग गर्ने सदस्यका उत्पादनको सञ्जालीकरण र मूल्य श्रृखलाको माध्यमबाट व्यवसाय प्रवर्द्धन गर्ने जस्ता रणनीतिक कार्य गर्दै आएको छ। साथै सदस्यले गरेको उत्पादन बिक्री वितरण गर्न पनि ग्राहक सदस्य मार्फत बिक्री वितरण केन्द्र सञ्चालन गर्न सहयोग गरेको छ। ग्राहक सदस्यको मह तथा दूग्धजन्य पदार्थको प्रशोधन, ब्राण्डीङ र प्याकेजिङमा पनि सघाएको छ।

सहाराले पछिल्लो पुस्तालाई स्वदेशमै आत्मनिर्भर बनाउन युवा स्वारोजगार कार्यक्रममा जोड दिने, शिक्षा, स्वास्थ्य, कृषि तथा ऊर्जा, विज्ञान तथा प्रविधि जस्ता १० वटा क्षेत्रमा सामाजिक व्यवसाय सञ्चालन गर्ने जस्ता समय सापेक्ष कार्यक्रम पनि सञ्चालनमा छन्। यसको लागि सहारा आफैले स्वास्थ्य तथा उद्यमशीलता विकास विभाग स्थापना गरेको छ। हाल यो विभागमा कृषि तथा पशुपालन क्षेत्रमा सदस्यलाई सेवा प्रवाह गर्न १ जना पशु चिकित्सक सहित ११ जना कृषि प्राविधिकहरु छन्। जसले सदस्यको दैलोमा गएर सम्पूर्ण प्राविधिक र चिकित्सा सेवा प्रदान गर्छन्।

यस बाहेक सहाराले अति विपन्नवर्गका लागि आवास तथा उद्यमशीलता विकास, वातावरणमैत्री स्वावलम्बन गाउँ विकास, स्वच्छ तथा नविकरणीय ऊर्जामा पहुँच विस्तार, तीन शून्यको अवधारणाको कार्यान्वयन लगायतका क्षेत्रमा पनि काम गर्दै आएको छ।

उत्कृष्ट गैर वित्तीय सेवा प्रवाह गर्ने लघुवित्त संस्था र लघुवित्तकर्मी सम्मानित

उत्कृष्ट गैर वित्तीय सेवा प्रवाह गर्नेहरुलाई सम्मानपत्र प्रदान गर्दै केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठ

स्वावलम्बन विकास केन्द्रको ३२औँ वार्षिकोत्सवको अवसरमा २०८० साउन २८ गते गैर वित्तीय सेवा तर्फ उदाहरणीय काम गर्ने लघुवित्त संस्था तथा लघुवित्तकर्मी सम्मानित भएका छन्। जस अन्तर्गत विभिन्न तीन विधामा तीन वटा संस्था मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल महिला सामुदायिक सेवा केन्द्र र कर्मचारी तर्फ रञ्जना निरौला सम्मानित हुनु भएको छ।

स्वावलम्बन विकास केन्द्रले आफ्ना सदस्य संस्थाहरूसँगको सहकार्यमा नेपालका गाउँ तथा समाजमा विद्यमान रैथाने ज्ञान, सीप, संस्कार, सास्कृतिक सम्पदा तथा वातावरणीय श्रोतको संरक्षण तथा स्थानीयस्तरमा उपलब्ध साधन र श्रोतको परिचालन गरी स्थानीयलाई आत्मनिर्भर बनाउन एवं जलवायुजन्य जोखिममा रहेका गरीब परिवारलाई उद्यमी बनाउन वातावरणमैत्री स्वावलम्बन गाउँ विकास कार्यक्रम शुरु गरेको छ। उक्त कार्यक्रम अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको बाह्रबीसे ३, को धार्पा गाउँलाई वातावरणमैत्री स्वावलम्बन गाउँ बनाउन उदाहरणीय कार्य गरेकोमा मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्मानित गरिएको हो।

मानुषीको कार्य क्षेत्र रहेको धार्पा गाउँका १२९ परिवारलाई समेटेर शुरु भएको यो कार्यक्रम अन्तर्गत २ वर्षको छोटो अवधिमा उल्लेख्य उपलब्धि हासिल भएका छन्। अहिले यहाँ कृषिजन्य बालीको उत्पादकत्व र आम्दानी बढाउन टनेल खेतीको शुरुवात, आकासे पानी संकलनको लागि प्लाष्टिक पोखरी निर्माण, स्वच्छ ऊर्जाको लागि सुधारिएको चुल्हो निर्माण, विस्तार तथा प्रयोग, गड्यौला मल तथा अन्य प्राङ्गारिक मल र विषादिको उत्पादन, प्रयोग एवं प्रवर्द्धन, आम्दानी सँगै हरियाली प्रवर्द्धन गर्न हरेक घरमा तीन थरी फलफुलका विरुवारोपण जस्ता कार्य भएका छन्। यस्ता कृयाकलापबाट स्थानीयको आम्दानी बढ्नुको साथै स्थानीयस्तरमै मल र पानीको जोहो भएको छ भने मलको लागि पैसा बाहिरिएको छैन। यस अघि बाझै रहने जमिनमा अहिले खेती गरेर स्थानीयले लाभ लिन थालेका छन्। टनेलखेती गर्नेले सानो ठाउँमा कम मिहेनतमै मनग्य तरकारी उत्पादन गरेका छन्। स्थानीय सरकारले पनि यस कार्यक्रम अन्तर्गत सदस्यहरुको उत्पादनको बजारीकरण गर्न सहकार्य गर्ने भएको छ।

यसैगरी शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जनको अवधारणा अनुरूप तीन शून्य क्लबको प्रवर्द्धन र गठनमा उत्कृष्ट काम गरेकोमा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्मानित गरिएको छ। साथै तीन शून्य क्लब प्रवर्द्धन र गठनमा उत्कृष्ट सहयोगी व्यक्तिको रुपमा काम गरेकी जीवन विकास लघुवित्तकै तालिम विभाग प्रमुख रञ्जना निरौलालाई पनि सम्मानित गरिएको छ।

जीवन विकासको पहलमा करिब ३ सय ५० भन्दा बढी तीन शून्य क्लब गठन भएका छन्। जसमा तालिम विभाग प्रमुख रञ्जना निरौलाको अगुवाईमा एक सय भन्दा बढी तीन शून्य क्लबहरु गठन भएका हुन्। हाल विश्वका ५१ वटा देशमा १ हजार २ सय ९० वटा तीन शून्य क्लब गठन भएका छन्। जसमध्ये नेपालमा सबै भन्दा धेरै ४ सय ६८ वटा क्लबहरु पूर्व मेची देखि पश्चिम महाकाली सम्म २३ जिल्लामा गठन भएका छन्। तीन शून्य क्लबहरुले विभिन्न २० वटा विधामा काम गरी रहेका छन् भने वातावरण विधामा सबै भन्दा धेरै २ सय ८८ वटा क्लबहरुले काम गर्दै आएका छन्।

२०८० साउन ११ र १२मा मलेशियाको लङ्गावीमा आयोजित १३औँ सामाजिक व्यवसाय दिवसको अवसरमा जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई लगातार दुई वर्ष उत्कृष्ट तीन शून्य सहयोगी संस्था (थ्री जेड सपोर्ट अर्गनाइजेशन) अवार्डबाट समेत पुरस्कृत गरिएको छ।

सो अवसरमा लघुवित्त सदस्यहरूको उत्पादनको बजारीकरण, मूल्यश्रृंखला बृद्धिमा काम गरी लघुवित्त सदस्यहरूको उत्पादनको उच्च मूल्य प्रदान गराउने हेतुले ग्रीन सप ब्रान्डमा नेपाल महिला सामुदायिक सेवा केन्द्र प्रा.लि. स्थापना गरी उदाहरणीय कार्य गरे वापत दाङ्ग जिल्लाको नेपाल महिला सामुदायिक सेवा केन्द्रलाई पनि सम्मानित गरिएको छ। उक्त कम्पनीले लघुवित्त सदस्यहरुको उत्पादन बजारसम्म पुऱ्याउन तथा उनीहरुलाई आफ्नो उत्पादनको उच्च मूल्य प्राप्त गर्न सघाउदै आएको छ। यो कम्पनी सदस्यहरुकै स्वामित्वमा रहने गरी स्थापना भएको हो।

लघुवित्तका उच्च अधिकारी ग्राहक सदस्यको दैलोमा पुगेर संस्थागत कार्यनीति बनाउनु पर्छ

राम चन्द्र जोशी
अध्यक्ष, छिमेक लघुवित्त वित्तीय संस्था लि.

स्थापना काल देखिनै छिमेक लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत भएर काम गर्नु भएका जोशी हाल सो संस्थाको अध्यक्षको भूमिकामा हुनुहुन्छ । नेपालकै अग्रणी मध्येको एक छिमेक लघुवित्त उहाँकै नेतृवमा नेपालकै उत्कृष्ट र सफल लघुवित्त संस्था बन्न सफल भएको छ । ग्राहक सदस्यलाई उत्कृष्ट लघुवित्त सेवा प्रदान गरी छिमेक लघुवित्त वित्तीय संस्थाले २०७९ सालको शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कारबाट सम्मानित भएको छ । यसै सन्दर्भमा लघुवित्तको विगत र बर्तमान अवस्थाबारे सो संस्थाका अध्यक्ष श्री रामचन्द्र जोशी सँग कुराकानी गरेका छौँ । प्रस्तुत छ सोही कुराकानीको सम्पादित अंश ।

१. उत्कृष्ट लघुवित्त संस्था वा व्यक्तिलाई प्रदान गरिने यसै वर्षबाट शुरूवात भएको शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कारबाट छिमेक लघुवित्त वित्तीय संस्था सम्मानित भएको छ । यस क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्थालाई दिइने यो पहिलो पुरस्कार नै आफ्नो संस्थाले पाउँदा यहाँलाई कस्तो अनुभूति भएको छ ?

मैले शुरुको दिन देखि नै छिमेक लघुवित्तको प्रमुख कार्यकारी अधिकृत भएर काम गरेको हो । केही समय पहिला त्यो भूमिकाबाट बिदा लिए । पछि फेरी यहाँको कर्मचारी लगायत अन्य सदस्यज्यूहरुले अनुरोध गरे पछि म अहिले अध्यक्षको पदमा छुँ । पहिला हामी लघुवित्तमा घरपरिवार, छोराछोरी नभनी एकोहोरो लागेको हो । उ बेला लघुवित्तमा पैसा पनि थिएन । शुरुका दिनमा लघुवित्त गर्न सबै हिसावले कठिन थियो । २०८० साउन २८ गते जुन शंकर मान श्रेष्ठ लघुवित्त पुरस्कार प्राप्त भयो त्यसले यो लामो समय सम्म गरेको संघर्षको प्रतिफल प्राप्त भएको जस्तो लागेको छ । यसले हामीलाई थप जिम्मेवार हुनु पर्छ भन्ने महशुस भएको छ । हुनत छिमेक लघुवित्तले सदस्यलाई केन्द्र विन्दुमा राखेर आफ्ना सम्पूर्ण कार्यहरु सम्पादन गर्दै आएको छ । पहिला शकंर मान सर आरएमडीसीमा हुँदा हामीलाई सदस्यलाई प्राथमिकतामा राखेर काम गर्नु पर्छ भनेर सिकाउनु हुन्थ्यो । त्यही हिसावले नै हामीले पनि काम गर्दै आएका थियौँ । अहिले पुरस्कार पाउँदा थप जिम्मेवारी महशुस गरेका छौँ ।

२. छिमेकलाई उत्कृष्ट संस्थाको पहिचान बनाउने सफलताको सुत्रहरू के के हुन अर्थात लघुवित्त संस्थालाई सफल बनाउन आवश्यक आधारभूत कुराहरू के के हुन ?

सदस्यको उन्नती नै संस्थाको सफलताको पहिलो कारण हो । समस्यामा परेको एउटा सदस्यलाई आर्थिक र सामाजिकरुपमा माथि उठाए पछि कसैले पनि संस्थालाई धोका दिदैन । त्यसैले सदस्यलाई सफल बनाउन लाग्नु पर्छ । शंकर मान सरले पनि मेरो उदाहरण दिनु हुन्छ । म कार्यकारी अधिकृतको हैसियतले बर्षमा कम्तिमा साढे ४ महिना फिल्डमा हुन्थे । आफूले दिएको सेवाबाट कसरी काम भएको र त्यसलाई सदस्यले कसरी लिएको छ भन्ने कुरा हेर्थें । पब्लिक अडिट गर्थ्यौँ । हरेक शाखामा सार्वजनिक सुनुवाई गर्थ्यौँ । सदस्यका गुनासो सुन्थ्यौँ । इकाई भेलामा सदस्य र कर्मचारी राखेर कर्मचारीले प्रवाह गरेको सेवाबारे सुन्थ्यौँ । यसले कर्मचारीलाई सदस्य प्रति सधै भरी उत्तरदायी बनाउने काम गऱ्यो ।

हामीले छिमेकलाई गरिबको कुरा सुन्ने साथी हो भन्ने बनायौँ । उनीहरुको चाहना अनुसारको बचत सेवा पनि दिने काम गरेका छौँ । साथै सदस्यहरुले नै भने अनुसार हामीले गोल्डेन तथा सिल्भर सदस्य वर्गीकरण गरेर सोही अनुसार सहुलियतका कार्यक्रम पनि दिने गरेका छौँ । छोरा छोरीको शिक्षा देखि तालिमका कार्यक्रम पनि दियौँ । यसरी काम गरेको हुँदा हामी सबै सूचकहरुमा अव्वल हुन थाल्यौँ । मुख्य कुरा हामीले आर्जन गरेको संस्थाको सबै मुनाफा बाडेर सकेनौ । संस्थामै राखेर पूँजी बढाउने काम गऱ्यौँ । यसलाई फेरी सदस्यको भलाईमा खर्च गर्न सक्ने हैसियत बनायौँ ।

सदस्यका कुरा सुन्न थाले पछि संस्था प्रति सदस्यको अपनत्व पनि पैदा भयो । अझ यसमा ऋण सँगै अरु गैर वित्तीय सेवामा जोड दिन थाले पछि संस्था प्रतिको हेराई अझ राम्रो हुँदै गयो । अहिलेको अवस्थामा अरुको नदिए पनि छिमेकको किस्ता त समयमै तिर्नु पर्छ भन्ने भावना रहेको पाईएको छ । जसको कारण अहिले पनि हामीलाई धेरै ठूलो समस्या परेको छैन । मुख्य कुरा हामी कर्मचारी, बोर्डको सदस्य सबै गएर इकाई भेला मार्फत छिमेकको सेवा र कर्मचारीको चाहना बुझ्दै अगाडी बढेका हौँ । यसरी काम गरेको हुँदा हामीले दिएको सेवाले सदस्यहरुको जीवनमा परिवर्तन ल्याउन सक्यो । त्यही भएर उ बेला छिमेक नै धेरैको रोजाईमा पर्थ्यो । फेरी हामीले बहुकर्जा नहोस् भनेर छिमेकमै मात्र बसेको सदस्यलाई ब्याजदरमा राहत दिन्थ्यौँ । जस कारण अहिले पनि हामीसँग ६५ प्रतिशत सदस्यहरुले अन्त कतैबाट ऋण लिएका छैनन् । उनीहरुको व्यवहार पनि विग्रेको छैन र सफल भएका छन् ।

३. छिमेकको सफलताको पहिलो श्रेय कसलाई दिनु हुन्छ ?

छिमेकको सफलताको श्रेय कर्मचारी र सदस्यलाई जान्छ। हामीले त नीति नियम बनायौँ र समय समयमा फिल्डमा कार्यान्वयन भयो भएन मात्र हेरेका हौँ। कर्मचारीले यसलाई फिल्डमा दुख गरेर इमान्दारिताका साथ काम गरे। सदस्यले पनि पत्याई दिए। सम्पूर्णले गरेरै यहाँ सम्म आएको हो संस्था। तर केही नीति पनि छन् हाम्रा। मुख्य कुरा हामीले पहिला देखिनै बहुकर्जा हुनु हुदैन् भन्ने मान्यता अनुसार काम गरेका हौँ। म आफै फिल्डमा जाँदा धेरै संस्थाको बारे बुझ्दा एक पटक धेरै संस्थाबाट ऋण लिदा समस्या हुने गरेको सूचना पाएको थिए। पछि मैले आफैले विभिन्न फोरममा र स्वयम नेपाल राष्ट्र बैंकका पूर्व र अहिलेका गभर्नरलाई भेटेरै पनि बहुकर्जा खतरा हुन सक्छ भनेर सचेत पनि गराएको हुँ। यो फिल्डबाटै आएको समस्या भएकोले हामी समयमै सचेत भयौ र अहिले सहज भएको हो।

४. नेपालको लघुवित्त क्षेत्रमा शंकर मान श्रेष्ठज्यूको योगदानलाई कसरी हेर्नु हुन्छ ?

हामी शुरु देखिनै लघुवित्तमा पैसा भएर आएको होइन। समाजलाई केही गरौँ भन्ने सोचले आएका हौँ। यहाँ आउनु भन्दा अघि मेरो राम्रो पैसा आउने सुख कै जागिर थियो। उ बेला समाजको रुपान्तरणको लागि केहि गर्नु पर्छ भन्ने थियो र लघुवित्तमा लागियो। शंकर मान सरले काम गर्ने मान्छेलाई प्रेरणा पनि दिनु हुन्छ। त्यसैले पैसा नहुँदा पनि यता लाग्न प्रेरणा मिल्यो। उ बेला उहाँले लघुवित्तको मूल्य मान्यतामा दायाँ बायाँ केही हुने बित्तिकै सच्याउन भन्नु हुन्थ्यो। उहाँसँग लघुवित्त सदस्य र संस्थाका फिल्डकै सूचना हुन्थे। जुन आफु फिल्डमै गएर ल्याउनु हुन्थ्यो। त्यसको आधारमा हामी मात्रै नभएर सबै लघुवित्तका प्रमुखहरुलाई ल है यस्तो नराम्रो काम हुँदै रहेछ भन्दै सचेत गराउनु हुन्थ्यो। पहिला शंकर मान श्रेष्ठले आरएमडीसीमा हुँदा गर्नु हुन्थ्यो भने अहिले स्वावलम्बन विकास केन्द्रबाट लघुवित्तलाई सचेत गर्ने काम निरन्तर गर्नु भएको छ। अहिले त मैले त्यस्तो कोही पनि देखेकै छैन। अब नेपाल राष्ट्र बैंकबाट पनि फिल्डमा त जानु हुन्छ तर मनै देखि त्यहाँको समस्या बुझ्ने काम गर्नु भएको छैन। त्यसैले मलाई अहिले शंकर मान श्रेष्ठले जुन अभिभावकत्व लिदै आउनु भएको छ उहाँ पछि त्यसको अभाव खड्किन्छ भन्ने चिन्ता छ। अर्को कुरा उहाँको ठाउँ लिने अहिले सम्म कोही देखेको पनि छैन।

५. छिमेक लघुवित्तले कसरी काम गर्छ र देशको उत्कृष्ट लघुवित्त बन्ने आधारहरू के-के हुन, छोटकरीमा बताई दिनुहोस् न ?

छिमेक मात्रै नभई लघुवित्तको सफलता भनेको सदस्य छनोट गर्दा देखिनै गरीबवर्गको समावेश र सहभागिता हुनु पर्छ। त्यसैले लटरपटर नगरी पहिला नै लघुवित्तबारे सदस्यलाई बुझाएर मात्र सदस्य बनाउनु पर्छ। पूर्वसमूह तालिम निकै आवश्यक छ। कर्मचारीले सदस्यले के व्यवसाय गर्दैछ। व्यवसाय गर्ने क्षमता छ, छैन। लगाव छ, छैन भन्ने कुराहरु हेर्नु पर्छ। तल्लो वर्गका समस्या धेरै हुन्छन्। आवश्यकता धेरै हुन्छ। घरबासकै पनि समस्या हुन सक्छ। गरी खाने जग्गा नहुन सक्छ। त्यसैले उनीहरुका आवश्यकता र चाहना बुझेर पनि काम गर्नु पर्छ। सोही अनुसार सहजीकरण गरी ऋण दिन सक्नु पर्छ। उनीहरुलाई अगाडी बढाउनु पर्छ। जस्तै छिमेकको हकमा भन्नु पर्दा चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका भूमिहीन चेपाङहरु घर विहिन थिए। पछि निकुञ्जले उनीहरुलाई त्यहाँबाट हटाउँदा हामीले नगरपालिकासँग समन्वय गरेर जग्गा उनीहरुले दिने र घरको लागि हामीले लगानी गरेर बासको व्यवस्था भयो। पछि व्यवसायमा जोडन बाखा पाल्न शुरु गराएर आत्मनिर्भर बनाउन सफल भएका छौँ। त्यसैले हामीले ऋण दिने कुरा मात्रै होइन उसलाई कसरी माथि उकास्न सकिन्छ भन्ने कुरामा पनि सहजीकरण गर्नु पर्छ।

६. नेपालमा लघुवित्तको शुरूवात देखिनै यहाँ यो क्षेत्रमा हुनुहुन्छ। लघुवित्त नेपालमा के उद्देश्यको लागि शुरू गरिएको थियो र यो कसरी अघि बढी रहेको अनुभव गर्नु भएको छ ?

शुरुमा गरीब तथा विपन्न बर्गमा काम गर्ने भनेरै नै हो यसको शुरुवात भएको। चितवनको माडीबाट मैले ठिकै सँग पढन पाएँ। तर मेरो साथीहरु धेरैको अवस्था राम्रो थिएन। केही राम्रो भएका पनि व्यवसाय नहुँदा विस्तारै जग्गा बेच्दै गरीब हुने अवस्था आयो। उनीहरु जस्तोलाई केही गर्न सकिन्छ की भनेर छिमेक सेवा संस्थाको शुरुवात भएको थियो। त्यो बेला महोत्तरीमा छिमेककी पूर्व अध्यक्ष रामेश्वरी पन्त र मेरै ठाउँबाट यसको शुरुवात गरेका हौँ। नेपालमा उ बेला चार वटा लघुवित्त थिए। सबै व्यक्ति र शुरुवातकर्ताले सेवाभावले शुरु गरेका थिए। तर अहिले यसमा बैंक खोल्ने हो, सिइओ बन्ने हो, जागिर खाने हो र लाभांस लिने हो भन्ने सोच भएका मानिसहरु आए। लघुवित्त संस्थामा अहिले त्यो सेवाभावको अभाव खड्केको छ। अहिले सबैले सिद्धान्तहरु, विधिहरु छोडन थालेका छन्।

७. लघुवित्त कार्यक्रम सिद्धान्त र उद्देश्य अनुरूप चल्न सकेन भनिन्छ, यो कति सम्म सत्य हो ? यसो हुनुका कारणहरू के के हुन् ?

पहिला गरीबको भलाईमा काम गर्ने भन्ने हुन्थ्यो। गरीबको पहिचान गरी लक्षित समुदाय वा गाउँको पहिचान गरी समूह बनाएर, तालिम दिएर, उसको क्षमता हेरेर मात्रै ऋण दिने काम थियो। अहिले यो सबै कुरा हरायो। ऋण लिने को हो उसैलाई समात्यो ऋण दियो। एउटा लघुवित्त खोल्ने भनेकै सञ्चालक हुने, पैसा कमाउने उद्देश्य लिएर अघि बढे। लघुवित्तको उद्देश्य र महत्व नबुझेरै संस्था खोले। अर्को कुरा लघुवित्तका मूल्य मान्यता नबुझेकाहरुलाई लघुवित्त सञ्चालन गर्न अनुमति दिइयो। पहिला लघुवित्त यसरी गर्ने भन्ने कुरा आरएमडीसीबाट विभिन्न मान्छे बोलाएर शंकर मान सरले तालिम दिनु हुन्थ्यो। अहिले कसरी लघुवित्त गर्ने, कसरी हेर्ने कसैले पनि भन्दैन। जुनसुकै व्यापारी वर्ग आएर सिधै लघुवित्त खोल्न थाले। सरकारले व्यापारी तथा वाणिज्य बैंकलाई लघुवित्त गर्ने जथाभावी लाइसेन्स दिने, बैकमा रुपान्तरण गर्ने वा कम्पनीमा लिएर शेयर जारी गर्न पाउने बनाए पछि करिब १० वर्ष अघि बाट लघुवित्तमा चरम विकृति शुरु भयो। अहिले त्यो विकृतिले बढेर ठूलो समस्याको रुप लिएको हो।

८. छिमेकको अनुभवमा अहिले लघुवित्तका सदस्यहरू सुखी र सम्बृद्ध हुन सकेका छन् ?

अहिले हेर्दा धेरै संस्थामा बस्ने सदस्यहरुको व्यवसाय सफल भएका छैनन्। उनीहरु समस्याग्रस्त छन्। धेरैले त लघुवित्तबाट

लिएको ऋण व्यवसायमा लगानी नै गरेका छैनन् । दुरुपयोग गर्ने पनि धेरै छन् । जसको कारण समस्याहरु आएका छन् । तर छिमेकको ६५ प्रतिशत भन्दा बढी सदस्यले अन्य संस्थाबाट ऋण लिएका छैनन् अर्थात चोखो छन् । त्यस्ता सदस्यहरुको अवस्था राम्रो छ । उनीहरु खुशी छन् ।

९. पछिल्लो समय लघुवित्त संस्था विरूद्ध सदस्यहरू आन्दोलनमा छन् । यो किन भएको होला ?

मैले अघिनै भने कर्जा दुरुपयोग गर्ने तथा धेरै संस्थाबाट ऋण लिने सदस्यको अवस्था राम्रो छैन । अर्को तिर कोरोनाको बेला व्यवसाय विग्रेको अवस्था छ । त्यो बेला व्यवसाय भन्दा पनि धेरै जसो उपभोगमा लिएको कर्जा थियो । विश्वव्यापी मन्दी पनि अर्को कारण हो । यस्ता अनेक कारणले गर्दा समस्या छन् । मुख्यतया बहुकर्जाको समस्या हो । हाम्रो संस्थामा ६५ प्रतिशत हाम्रा मात्रै सदस्य छन भन्दा अरुले अचम्म मान्छन, पत्याउदैनन । कतिपय संस्थामा शतप्रतिशत सदस्यनै बहुकर्जामा छन् । हाम्रो पनि अहिले तिनै ६५ प्रतिशतले मात्र असल व्यवसाय गरेका छन् । आम्दानी गरेका छन् । समस्या अरुको हो । अहिले कतिपयको जायजेथा बेचे पनि ऋण तिर्न नसक्ने अवस्था छ । व्यवसाय छैन तर १२, १५ संस्थाबाट कर्जा लिएको छ । त्यसैले यो अवस्था आउनु स्वभाविकनै हो । अब त्यस्तो सदस्यलाई फेरी आयआर्जनका कृयाकलापमा संलग्न गराएर विस्तारै आत्मनिर्भर बनाउनु पर्छ र माथि उकास्नु पर्छ । अहिले आन्दोलनमा लागेकाहरुको अवस्था बुझ्ने हो भने कर्जा सदुपयोग नगरी बहुकर्जामा फस्दै गएका सदस्यहरुको बाहुल्यता छ । त्यसमा थप अरु कारण पनि छन् ।

१०. नेपालमा एक थरीले लघुवित्तको अहिलेको मोडलमै कसर छ, यो फेर्नु पर्छ भनेको सुनिन्छ । यहाँको विचार के छ ?

त्यो पक्कै पनि होइन । अहिले करिब १६७ जति मुलुकमा ग्रामीण मोडेल चली रहेको छ । यसमा केही सुधार वा परिमार्जनको आवश्यकता हुन सक्छ । पहिला बंगलादेशमा फ्रड कन्ट्रोल गर्न ग्रामीण २ भन्ने ल्याएर समाधान भयो । त्यसमा समस्या परेका सदस्यलाई पत्ता लगायर पुनः माथि उठाईयो । अहिले हामी कहाँ मोडेल राम्रैसँग चलेको छ । त्यसैले मोडेलको केही समस्या पनि होइन । पहिला सदस्य बनाउँदा खेरी नै वित्तीय साक्षरता देखि उचित तरिकाले लगानी गर्ने र सदस्यलाई आम्दानी हुने काम गर्ने बनाउनु पर्छ । त्यसो भए धेरै समस्याहरु आउँदैनन् । हामीले आम्दानी हुने व्यवसाय छानेर, सदस्यलाई त्यसमा संलग्न गराएर अगाडी बढाउने हो भने यसले राम्रोसँग काम गर्छ । अर्को कर्जा दुरुपयोग हुन दिनु हुन्न । अनुगमन राम्रो हुनु पर्छ ।

११. लघुवित्त क्षेत्रमा अहिले देखा परेका मुख्य समस्याहरू के हुन् ? यस्तो हुनुको कारणहरू यहाँलाई के के हुन जस्तो लाग्छ ?

अहिलेको समस्या भनेको धेरै संस्थाबाट कर्जा लिएर कर्जा बुझाउन नसकेको समस्या हो । अघि भने जस्तै यो कर्जा सदुपयोगिता नभएको हो । उनीहरु मध्ये जसको उद्यम, व्यवसाय गर्दा गर्दै पनि विग्रेको वा नजानेर बिग्रेको छ । त्यस्ता सदस्यलाई फेरी आम्दानी हुने, खान पुग्ने आयमूलक व्यवसायमा लगानी गरेर बिस्तारै माथि उठाउनु पर्छ । एउटा समस्या हल हुन्छ । अर्को कुरा भनेको अहिले कर्मचारीबाट सदस्यलाई दुर्व्यवहार भै रहेको कुरा पनि आएको छ । सदस्यलाई दुख दिएर जायजेथा, सामान उठाएर ल्याउने काम भएको कुरा सुनिन्छ । जसरी पनि किस्ता असुल गर्नु पर्छ भन्ने छ । यसकारण कर्मचारीलाई पनि जबरजस्ती गर्नु हुदैन र सदस्यको आम्दानी बढाउन सहयोग गर्नु पर्छ भनेर सिकाउनु पर्छ । सदस्यले आम्दानी गरेको खण्डमा किस्ता स्वतः तिर्छ नै ।

पहिला भन्दा अहिले कर्मचारीहरुको यस्तो चेतना बढेको छ । तर लघुवित्तका ठूला कर्मचारीहरुलाई फिल्डमा गएर सदस्यसँग अन्तर्कृया गर्ने फुर्सदै हुदैन रे । अव गरीब सँग काम गर्ने, बिना धितो ऋण लगानी गर्ने, त्यो गरिबले सेवा पाएको छ, छैन, वा कस्तो सेवा पाएका छन् भन्ने कुरा हेर्ने फुर्सद छैन् । नीति मात्र बनाएर हुदैन । लघुवित्तले शाखाबाटै ऋण दिने हो । त्यसैले ऋण लगानी कसरी भै रहेको छ । त्यो कुरा केन्द्रबाट गएर बुझ्नु जरुरी छ । शाखामा जान समेत समस्या हुन्छ भने त्यो लघुवित्त अगाडी बढ्दैन । अहिले समस्या आए पछि केही चनाखो भएका छन् तर केही अघि सम्म कर्मचारीलाई ऋण लगानी गर्ने लक्ष्य दियो पुग्यो । काम राम्रोसँग भएको छ छैन हेर्न फुर्सद छैन ।

१२. के नीतिगत तह वा नियामक निकायबाट पनि कमजोरी भएका हुन् ?

हो, मुख्य जिम्मेवार नै नियामक निकाय हो नि । नयाँ लघुवित्तलाई धमाधम लाइसेन्स दिने । के उद्देश्यले लाइसेन्स लिन खोजेको छ, कसरी काम भै रहेको छ भन्ने विषय हेरिदैन । म लघुवित्त बैंकर्स संघको अध्यक्ष हुँदा पनि नेपाल राष्ट्र बैंकका गभर्नरलाई जथाभावी लाइसेन्स दिनु हुदैन, फिल्डमा समस्या शुरु भै सकेको छ भनेको थिए । तर जथाभावी लाइसेन्स दिन रोकिएन । लाईसेन्स दिए पनि लघुवित्त कसरी सञ्चालन गर्ने भन्ने विषयमा तालिम दिने काम हुन सकेन । साथै लघुवित्तको काम शुरुवातमा त गैर सरकारी संस्थाले गरेका थिए । शुरुवातमा लघुवित्त गैर नाफामुलक संस्थाको रुपमा थिए । मुनाफा बाँड्न नपाउने थियो । लघुवित्तलाई त्यही अवस्थामा छाडी दिएको भए पनि यो हद सम्म विकृति कुनै हालतमा पनि आउने थिएन ।

१३. भविष्यमा लघुवित्त अभियानलाई गरीबमैत्री बनाउदै विपन्न समुदाय तथा समग्र राष्ट्रिय हितमा अघि बढाउन लघुवित्त संस्था कसरी अघि बढ्नु पर्ला ?

एउटा त माथिल्लो तहका कर्मचारी जसले लघुवित्त पनि राम्रो सँग बुझेको छ र अनुभवी पनि छन् उनीहरु हरेक महिना फिल्डमा गएर हेर्नु पर्छ । सदस्य कस्तो अवस्थामा छन् र उनीहरुको आवश्यकता तथा चाहना के छ भन्ने कुरा बुझ्नु पर्छ । सोही अनुसार नीति तथा कार्यक्रम बनाएर चल्नु आवश्यक छ । त्यसका लागि फिल्डमै गएर समस्या बुझ्नु पर्छ । अर्को कुरा सदस्य बनाउने बेला नै लघुवित्त के हो, किस्ता र ब्याज कसरी तिर्नु पर्छ, समूह कसरी चल्छ, कसरी काम गर्छ, कसरी फाइदा लिन सकिन्छ जस्ता कुराहरु सदस्यलाई बुझाउनु पर्छ । साथै सदस्यहरुलाई आयआर्जनका बैकल्पिक बाटोहरु पनि देखाउनु पर्छ । उदाहरणको लागि कसैले बाख्रा पालेका छन् भने बाख्राबाट आम्दानी नहुन्जेलसम्म उसलाई आयआर्जनको अर्को बाटो जरुरी हुन्छ । त्यस्तोमा कसरी बैकल्पिक आम्दानी गर्ने त्यो सुझाउन सक्नु पर्छ । अथवा सोही अनुसार किस्ता तिर्ने सुविधा दिनु पर्छ ।

सदस्यको आय आर्जन नभएर वा व्यवसाय बिग्रेर आम्दानी नभएर नै समस्या धेरै भएको हो । अहिलेको अवस्थामा

सदस्यलाई जसरी पनि उद्यमी नै बनाउने समस्याको मुख्य समाधान हो । अर्को कुरा वित्तीय साक्षरता । गत मंसिरमा हामी फिल्डमा गयौँ । छिमेकले अहिले पनि सार्वजनिक सुनुवाई गरी रहेको छ । लघुवित्त विरोधी आन्दोलनमा लागेकाहरु पनि सो सार्वजनिक सुनुवाईमा सहभागी भएका थिए । उनीहरुलाई लघुवित्तबारे बुझाउने काम पनि भयो । यो बेला सबैलाई समस्या परेको छ । अरुको लहलहमै लागेर राजनीतिक फाइदा लिने प्रयास पनि हो । किन भने अहिले एकजना व्यक्तिले पनि बढी ब्याज लियो भने राष्ट्र बैंकले लाइसेन्स खारेज गर्छ । तर अहिले चक्रवर्ती ब्याज लियो भन्ने हल्ला सुनिन्छ । त्यसैले कुनै राजनीतिक वा अन्य स्वार्थको लागि पनि सदस्यलाई उचाल्ने र विरोध गर्ने गरेको देख्छु । जस कारण सदस्यमाँझ सही कुरा के हो बुझाउनु जरुरी छ ।

नियामक निकायले सुपरिवेक्षणको क्रममा कर्जा कति छ ? बचत कति छ ? भन्ने जस्ता कुरा मात्र अहिले हेरी रहेको अवस्था छ । वित्तीय साक्षरता प्राथमिकतामा छैन । त्यसैले हामीले ब्याज कति हो कसरी दिएको छ भन्ने कुरा २५ बर्ष देखि बुझाउँदै आएका छौँ । त्यसैले वित्तीय साक्षरता पनि जरुरी नै छ । मैले बुझे सम्म सरकारले गर्न नसकेको काम लघुवित्तले गरेको छ । सरकारले गरीबलाई के गरेको छ ? केही पनि गरेको छैन । लघुवित्तले गरीबलाई विना धितो ऋण उपलब्ध गराएर, तालिम, सीप दिएर उनीहरुलाई माथि उठाउने काम गरी रहेको छ । गरीबको सहारा भनेको लघुवित्त नै हो ।

१४. लघुवित्तले अति विपन्नवर्ग (Hardcore Poor) लाई समेटेको छैन भनेर हुदै आएको आलोचनामा यहाँको धारणा के छ ? साथै त्यस्तो वर्गलाई समेटन छिमेकसँग के कस्तो योजना छ ?

लघुवित्त संस्थाहरु दूरदराजमा नपुगेको मलाई पनि लागेको थियो । दूरदराजमा बाटोघाटो नपुगेको ठाउँमा त्यहाँको अवस्था महशुस गरेर मैले नै स्थानीय महिला स्वयम सेविकालाई ट्याबलेट चलाउन सिकाएर ट्याबलेट बैंकिङ सेवा शुरु गरेको हो । स्थानीय सहयोगी सदस्यलाई कर्मचारीको रुपमा प्रयोग गरेर पनि यसरी काम गरेका छौँ । लघुवित्तले यसरी विभिन्न उपाय निकालेर अति विकट तथा विपन्नवर्गमा जानु पर्ने आवश्यकता छ । साधन श्रोत नभएको वा अन्य बहाना बनाएर गरीबलाई सेवा दिनबाट पन्छिनु भएन ।

अहिले लघुवित्त सेवा अति विपन्नवर्गलाई छाडेर मध्यमवर्गमा पुगेको छ । कर्मचारीमा गरीबवर्गलाई ऋण लगानी गर्न कठिन हुने र त्यसले दिने प्रतिफल पनि कम हुन्छ भन्ने बुझाई छ । उनीहरुले धेरै कर्जा लिने होइन । गरीबलाई केही उद्यम गर्नु पर्छ भनेर सिकाउनु पर्छ । यसरी कर्जा लिने, यसरी परिचालन गर्ने भनेर उनीहरुलाई सिकाए पछि मात्र ऋण लगानी गर्नु पर्ने हुन्छ । त्यो दुख गर्नु भन्दा एकै पटक धेरै कर्जा दिन सजिलो हुने भएकोले कर्मचारीहरुले मध्यम वर्गलाई लगानी गर्ने प्रचलन बढ्यो र लक्षित वर्ग छुट्न थाल्यो ।

१५. पछिल्लो समय प्रो.मोहम्मद युनूसले शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जन सहितको विश्वको परिकल्पना गर्दै सो निर्माणमा नयाँ पुस्तालाई तयार गर्ने हेतुले तीन शून्य क्लब प्रबर्द्धन र गठन अभियान शुरू गर्नु भएको छ । यो अभियानमा नेपालका लघुवित्त संस्था तथा लघुवित्त गर्ने सहकारी संस्थाहरू पनि लागि परेका छन् । छिमेक लघुवित्तबाट यसमा कसरी काम भैरहेको छ ?

हामीले चितवनको माडीमा दुईवटा माध्यमिक विद्यालयमा तीन शून्य क्लबको गठन गरी विद्यार्थीलाई आयमुलक र वातावरण संरक्षणका कृयाकलापमा सहभागी गराउने काम शुरु गरेका छौँ । त्यहाँ अध्ययनरत विशेष गरी विपन्न चेपाङ समुदायका छोराछोरीलाई मेरो बुवाआमाको नामबाट स्थापना गरेको एकराज शोभा जोशी गुठीको तर्फबाट एउटा विद्यालयमा र अर्को विद्यालयमा छिमेक लघुवित्त वित्तीय संस्थाको तर्फबाट छात्रबृति प्रदान गरेका छौँ । जसमा बालबालिकाहरुलाई पढाई सँगै आयआर्जनका काममा लगाउन कुखुरा तथा बाख्रा वितरण गरेका छौँ । साथै तीन शून्य क्लबको गठन गरी उनीहरुलाई वातावरण संरक्षणको काममा लाग्न पनि प्रेरित गरेका छौँ ।

१६. हाम्रा गाउँ तथा समुदायहरूसँग भएका रैथाने ज्ञान, सीप र सांस्कृतिक सम्पदा तथा वातावरणीय श्रोतको संरक्षण गर्दै स्थानीयस्तरमा उपलब्ध श्रोत र साधनको परिचालन गरी आत्मनिर्भर तथा स्वावलम्बी बन्ने हेतुले शुरू गरिएको वातावरणमैत्री स्वावलम्बी गाउँ विकास कार्यक्रमको छिमेक लघुवित्त पनि एउटा साझेदार संस्था हो । यसमा कसरी काम अगाडी बढ्दै छ ?

केही समय अघि स्वावलम्बन विकास केन्द्रले काभ्रेको धुलिखेलमा आयोजना गरेको फिल्डस्तरीय कार्यशालामा म पनि सहभागी भएको थिए । त्यो बेला वातावरणमैत्री स्वावलम्बन गाउँ विकास कार्यक्रम अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको धार्पा र काभ्रे जिल्लाको बेथानचोकमा कार्यान्वयन गरेका विभिन्न कृयाकलापहरु फिल्डमै गएर हेर्न पाइएको थियो । त्यहाँ राम्रो लागेको कुरा के हो भने यो कार्यक्रमको लागि लघुवित्तले खासै धेरै खर्च गर्नु पर्ने केही देखिन । साधारण उपायबाट ठूलो काम हुने रहेछ । त्यहाँ स्थानीयले पशुचौपायाको गोबर, मलमूत्र, खरानी तथा स्थानीयस्तरमै उपलब्ध बिभिन्न वस्तुको प्रयोग गरी मल तथा विषादि बनाएका रहेछन् । टनेलमा खेती गर्दा रोग कम हुने र उत्पादन धेरै हुने रहेछ । सानोसानो प्रयासमा पनि धेरै परिवर्तन गर्न सकिदो रहेछ भन्ने बुझियो ।

अहिले हामीले पनि चितवन जिल्लाको माडीमा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाट लखेटिएका करिब ९० वटा चेपाङ सुकुम्वासी परिवारलाई समेटेर वातारणमैत्री स्वावलम्बन गाउँ बनाउन शुरु गरेका छौँ । पहिला हामीले उनीहरुलाई घर बनाई दियौँ । नगरपालिकाले बाटो बनाई दियो । उनीहरुको प्रत्येक घरमा संरक्षण र आम्दानी सँगै हुने गरी फलफूलको विरुवा रोप्न लगाएका छौँ । साथै घरबासको व्यवस्था पछि बाख्रा पालन लगायत विभिन्न आयआर्जनका कृयाकलाप पनि शुरु गरेका छौँ ।

लघुवित्तले सामाजिक कार्यहरु पनि गर्नु जरुरी छ । यसले सदस्य र समुदायमा राम्रो छबि बनाउछ र काम गर्न सहज हुन्छ । मैले एक दुई संस्थामा केही गरौँ भनेर कुरा गर्दा छिमेक लघुवित्तमा जस्तो हामी सँग पैसा छैन भन्ने आएको छ । तर वातावरणीय गाउँ बनाउनको लागि त केही खर्च लाग्दैन । सोच र ईच्छाको कुरा मात्रै हो । खाली एउटा सक्रियता मात्र चाहिने हो । साथै यसबाट लघुवित्त सदस्यलाई सकारात्मक सन्देश दिन सकिन्छ । मैले त लघुवित्तले यस्ता काम गरे सरकारीस्तरबाट पनि सहयोग आउने सम्भावना देखेको छु ।

चन्द्रागिरीको मसिनेमा रहेको चम्पाशिखर आधारभूत विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम

सिकाइसँगै कमाउने अवधारणा तथा विद्यालय उमेर देखिनै उद्यमशीलता सँग परिचित गराउने उद्देश्यले स्वावलम्बन विकास केन्द्रको पहलमा काठमाडौंको चन्द्रागिरी नगरपालिका मसिनेमा रहेको चम्पाशिखर आधारभूत विद्यालयका विद्यार्थीहरुलाई कुखुराका चल्ला वितरण गरिएको छ ।

२०८० जेठ २६ गते २५ जना विद्यार्थीलाई जनही ५ वटा गिरीराज जातको चल्ला र दुई किलो कुखुराको दाना वितरण गरिएको हो । साथै बालबालिका र अभिभावकलाई कुखुरापालन सम्बन्धी एक दिने सीपमूलक तालिम पनि प्रदान गरिएको थियो । स्वावलम्बन विकास केन्द्र, नेपाल महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लि. र ग्रामीण प्रबिधि केन्द्रले २०७८ देखि मसिनेमा संयुक्तरूपमा लागू गरेको 'वातावरणमैत्री स्वावलम्बन गाउँ विकास कार्यक्रम' अन्तर्गत उक्त कार्यक्रम आयोजना गरिएको हो ।

चल्ला वितरणका बेला विद्यार्थी र अभिभावक

सो कार्यक्रम अन्तर्गत चन्द्रागिरी, ३ मसिनेको चम्पाशिखर आधारभूत विद्यालयलाई उद्यमशीलता विकास केन्द्रको रुपमा विकास गर्ने परिकल्पना गरिएको छ । सोही अनुरुप विद्यालयका ४, ५ र ६ कक्षामा अध्ययनरत जम्मा २५ विद्यार्थीलाई अभिभावकको सहयोगमा हुर्काउने जिम्मेवारी सहित चल्ला उपलब्ध गराईएको हो । बच्चाहरूलाई सानै देखि कुखुरापालन व्यवसायको बारेमा सिकाउने र कुखुरा पालनको तरिका, आहारा, रोग र समस्या, बजार, बिक्री र भविष्यका लागि बचत गर्ने जस्ता विषयमा प्रत्यक्षरूपमा अनुभव गराउने उद्देश्यले यो कामको थालिनी भएको हो । चल्ला हुर्काएर कुखुरा बिक्रीबाट हुने आम्दानीले उनीहरुको व्यवसाय विस्तार गर्न सहयोग पुग्ने छ भने उनीहरुले चल्ला किन्दा परेको लागत मूल्य विद्यालयलाई फिर्ता गर्नेछन् भने सो रकमबाट घुम्तिकोष सिर्जना गरी अरु बालबालिकालाई चल्ला वितरण गरिने छ ।

(पृष्ठ ३ बाट ...)

मलेशियाको लङ्कावीमा ...

संस्था लि.की प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले गर्नु भएको थियो ।

समीक्षा पछि तीन वटा व्यावसायिक सत्रहरु सम्पन्न भएका थिए । पहिलो सत्रमा नयाँ सभ्यता विकासको लागि लघुवित्तको भूमिका विषयक छलफल भएको थियो । उक्त सत्रको प्रस्तुतकर्ता जीवन विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत सञ्जय कुमार मण्डल रहनु भएको थियो । दोस्रो सत्रमा किसान बहुउद्देश्यीय सहकारी संस्था लि.का महाप्रबन्धक डम्बर बहादुर शाहले नेपालको ग्रामीण क्षेत्रमा वातावरणमैत्री आत्मनिर्भर अर्थतन्त्रको सृजना विषयक प्रस्तुति दिनु भएको थियो । यसै गरी अन्तिम व्यावसायिक सत्रमा नेपालमा ३ शून्य क्लबहरूको प्रवर्द्धन र विकासको अवस्थाबारे छलफल भएको थियो । उक्त विषयमा जीवन विकास लघुवित्त वित्तीय संस्था लि.का नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मीले प्रस्तुति दिनु भएको थियो ।

नेपाल फोरमले आगामी दिनमा काम गर्नको लागि ८ बुँदे कार्ययोजना सर्वसम्मतिले पारित गरेको छ ।

१३औँ सामाजिक व्यवसाय दिवस २०२३, नेपाल कण्ट्री फोरमले तयार पारेको दुई बर्षे कार्ययोजना

१. थप ३० वटा ग्रामीण क्षेत्रका माध्यमिक विद्यालयहरु सँग सहकार्य गरी विद्यार्थीहरु "पढदै कमाउदै" कार्यक्रम सञ्चालन गरी रोजगार प्रवर्द्धन केन्द्रहरु (Enterprise Incubation Centers) को रुपमा विकास गर्ने ।

२. लघुवित्तमा आबद्ध सदस्यहरुका माध्यमिक तथा उच्च शिक्षा प्राप्त छोराछोरीहरुलाई उद्यमशीलता तालिम दिई स्वउद्यमी निर्माण गर्ने । दुई वर्षमा २००० युवालाई यस कार्यक्रममा संलग्न गराउने ।

३. प्रत्येक लघुवित्त (MFI) ले आफ्नो सेवा अन्तर्गत अति विपन्न परिवारहरुको पहिचान गर्ने तथा उनीहरुको जीवनस्तर उकास्नका लागी अभिमुखीकरण तालिम दिई कर्जा सुलभ गराई आत्मनिर्भर बनाउने । यस्तो कार्यक्रम हरेक लघुवित्त संस्थाले ५।५ वटा शाखामा सञ्चालन गर्ने र दुई वर्षमा पचास हजार परिवारलाई सेवा पुऱ्याउने ।

४. सदस्यहरुको उत्पादनको बजारीकरणको लागी सामाजिक व्यवसायकोरुपमा सदस्यहरुको स्वामित्वमा थप २०वटा हरित व्यवसाय (Green Shop) शुरु गर्ने ।

५. स्थानीय सरकारसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा थप ४० वटा Eco-village विकास गर्ने ।

६. स्थानीय युवाहरुको थप २००० वटा ३ शून्य क्लब (3 Zero club) गठन गरी उनीहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जाल सँग जोड्ने ।

७. ग्रामीण प्रविधि केन्द्र नेपालको सहकार्यमा १० वटा ग्रामीण विद्यालयहरुमा ग्रामीण उर्जा प्रविधि शिक्षा प्रदान गर्ने ।

८. जग्गा भएका आफ्ना ग्रामीण भेगका लघुवित्त सदस्यहरुलाई प्रत्येक लघुवित्तले फलफूलका बोट विरुवा वृक्षारोपण अभियान चलाउने । यस कार्यक्रम अर्न्तगत ४०,००० बोट विरुवा लगाउने ।

ग्राहक सदस्यलाई ऋण मात्रै दिएर लघुवित्त वा सहकारी संस्था चलाउँछु भन्ने दिन गए

महेन्द्र कुमार गिरी
प्रमुख कार्यकारी अधिकृत, सहारा नेपाल साकोस

झापा जिल्लाको चारपानेमा अवस्थित सहारा नेपाल साकोस आ. व. २०७८/७९ सालको उत्कृष्ट लघुउद्यमशीलता विकास पुरस्कारबाट सम्मानित भएको छ । करीब डेढ दर्जन मापदण्डको आधारमा उत्कृष्ट ठहरिएको सहारा नेपालले उक्त सफलता प्राप्त गर्न कसरी सफल भयो ? यो लगायत लघुवित्त तथा सहकारीका क्षेत्रका समसामयिक विषयमा केन्द्रित भएर सहारा साकोसका प्रमुख कार्यकारी अधिकृत श्री महेन्द्र कुमार गिरीसँग गरिएको कुराकानी ।

१. २०७९को लघुउद्यमशीलता विकास पुरस्कारबाट सहारा नेपाल साकोस पुरस्कृत हुँदा कस्तो अनुभूति गर्नु भएको छ ?

आर्थिक वर्ष २०७८/७९ को लघुउद्यमशीलता विकास पुरस्कार स्वावलम्बन विकास केन्द्रले सहारा नेपाल साकोसलाई दिएको छ त्यसको लागि सहारा नेपाल साकोस परिवार गौरवान्वित भएको छ । हामीले लघुवित्तको माध्यमबाट सदस्यहरुमा उद्यमशीलता विकास हुन्छ र गर्न सकिन्छ भन्ने केही दृष्टान्त दिन सकेका छौँ । यो पुरस्कारले भोलिका दिनमा अझ राम्रो सँग मिहेनतका साथ अगाडी बढ्न प्रेरणा दिएको छ ।

२. स्वावलम्बन विकास केन्द्रले नेपालको लघुउद्यम क्षेत्रमा क्रियाशील संस्था वा व्यक्तिलाई दिने गरेको पुरस्कारलाई कसरी हेर्नु भएको छ ?

केन्द्रले संस्था र सदस्यलाई नियमितरुपमा पुरस्कृत गर्ने जुन काम गर्दै आएको छ यो लघुवित्तको क्षेत्रमा एउटा नयाँ आयाम हो । यो काम अन्य कुनै व्यक्ति वा संस्थाले गरेको छैन । राम्रो काम गर्नेलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने कार्यले यस क्षेत्रमा संलग्नहरुलाई अझ असल काम गर्दै जान उत्साह बढाएको छ ।

३. पुरस्कृत गर्ने संस्कृतिले नेपालमा लघुवित्त संस्थाहरू सहीबाटोमा हिडाउन बल पुग्ला ?

एक दमै ठूलो सहयोग पुग्छ । स्वावलम्बन विकास केन्द्रले राम्रो काम गर्नेलाई पुरस्कृत गर्दै आएको छ । नराम्रो गर्ने त आफै दण्डित पनि भएको हुन्छ । गरीबी निवारण गर्ने लघुवित्तको जुन लक्ष छ त्यसमा असल काम गर्नेहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा पहिचान दिन पनि सघाउँछ ।

लघुवित्त क्षेत्रमा राम्रो काम गर्ने लघुवित्त संस्थालाई अझै पनि गाउँ घरमा काम गर्न अप्ठेरो छैन् । कतिपय कमजोरी लघुवित्त संस्था र लघुवित्तकर्मीहरुका पनि छन् । पहिला सबै कुरा हेरेर सोच-विचार गरेर लगानी गरिन्थ्यो भने अहिले नाफा कमाउने र लक्ष पूरा गर्ने हेतुले ऋण प्रवाह हुदै आएको छ । साथै नाफामूलक उद्देश्यले अघि बढेको छ । सेवामूलक व्यवसाय हो भन्ने विर्सेर हामी अघि बढेका छौँ । सदस्यलाई कसरी ऋण लिने, कसरी त्यसको परिचालन गरेर व्यवसाय गर्ने भन्ने कुरामा पहिला धेरै सिकाउने काम हुन्थ्यो । अहिले त्यो छैन । यसले गर्दा समस्या आएको हो ।

४. सहाराले वित्तीय सँगै गैर वित्तीय सेवाहरू पनि प्रदान गर्छ भन्ने सुनिन्छ । यसमा के कस्ता सेवाहरू पर्छन् र यसबाट सदस्यलाई उद्यमी बनाउन कसरी सहयोग पुग्छ ?

सहाराले अहिले उद्यमशीलताको लागि विभिन्न कामहरु गरेको छ । संस्थामा कृषि उद्यमशीलता इकाई र रोजगार इकाई नै खडा गरेका छौँ । जस अनुसार सदस्यहरुलाई मासुजन्य, दुग्धजन्य, मह उत्पादन एवं कृषिजन्य उत्पादन बृद्धिका लागि काम गर्दै आएका छौँ । यसको साथै सदस्यको बीमा, स्वास्थ्य, शिक्षा अनि सामाजिक सुरक्षाको क्षेत्रमा पनि काम गरी रहेका छौँ । साथै हामीले सामाजिक उत्तरदायित्वको क्षेत्रमा पनि काम गरेका छौँ । जसको कारण समाजमा अहिले सहारालाई हेर्ने दृष्टिकोण सकारात्मक छ । बाढी पहिरो लगायत अन्य प्रकोपको साथै कोरोना जस्ता महामारीको बेलामा हामी सक्रियताका साथ जनताको सेवामा लागेका थियौँ । यसलाई सकारात्मक रुपमा लिएका छन् । हामी प्रति छुट्टै सम्मान छ । सहारा दुःखको बेलाको साथी हो भन्ने चिनारी बनाउन सफल भएका छौँ ।

५. उद्यमशीलता विकासमा सहाराले कस्तो रणनीति लिएको छ, छोटकरीमा बताई दिनुहोस न ?

हामीले हाम्रो कार्य क्षेत्र झापाको बाहुनडागी देखि उदयपुरको चुरे क्षेत्र सम्म ५ हजार भन्दा बढी परिवारलाई बाख्रा, बंगुर र कुखुरामा आत्मनिर्भर मात्र होइन व्यावसायिक बनाउने हिसावले पकेट क्षेत्रनै बनाई अघि बढेका छौँ । यसको लागि हामीले प्राविधिक तालिम, आवश्यक पूँजी लगायत प्राविधिक

सेवा पनि दिने गरका छौँ । हामीले सताशिमा मह उद्योग स्थापना गरेका छौँ । जसले किसानहरुलाई तालिम दिएर मह उत्पादन गर्ने र त्यसको प्रशोधन र ब्राण्डिङ गरेर हामी आफैले किसानको मह खरिद गरी बजारमा बिक्री सम्म गर्ने काम गरी रहेका छौँ । साथै हामीले सदस्यको खसी बोकाको उत्पादन देखि बजारीकरण सम्म सदस्यहरुको सञ्जाल बनाएर बजार व्यवस्थापनमा काम गरेका छौँ । उत्पादन गर्ने, प्रशोधन गर्ने, बिक्री गर्ने, हाम्रो आफ्नै सदस्य छन् । जिउँदो खसीलाई जोखेर बेच्ने परिपाटीको विकास गरेका छौँ । पशु बीमाका काम पनि गरी रहेका छौँ । दशैको बेला हामीले किसान वा सदस्यका खसी किनेर काठमाण्डौंको बजारमा पुऱ्याएर आफैले बिक्री गरी दिने गरेका छौँ । साथै हामीले दुग्धजन्य पदार्थको उत्पादन तथा बिक्रीमा पनि काम गरी रहेका छौँ । डेरीलाई कसरी व्यवस्थित गराउने, फ्रेस हाउसलाई कसरी व्यवस्थित गराउने भन्ने विषयमा पनि हामीले सहयोग गरी रहेका छौँ ।

हामीसँग अहिले भेटेनरीको डाक्टर देखि कृषि प्राविधिक सम्म पनि संस्थामै राखेका छौँ । उहाँहरु गाउँगाउँ गएर उपचार तथा ओखतीमूलो सेवा दिन्छन् । प्रदेश सरकारसँग मिलेर गाउँगाउँमा ३५ दिनको तालिम दिएर पशु सेवा कार्यकर्ता निर्माण गरेका छौँ ।

६. सहाराले सदस्यको उत्पादन बढाउने सँगै कतै विशेष उत्पादन क्षेत्र (पकेट क्षेत्र) हरू, कतै सदस्यका उत्पादनको सञ्जालीकरण र बजारीकरण, कतै मूल्यश्रृंखला बृद्धि जस्ता काम पनि शुरू गरेको सुनिन्छ । यस्ता काम कसरी हुँदै आएका छन् ?

अहिले यसले राम्रो परिणाम दिएको छ । २, ३ बर्ष भित्रमै यो काम सफल हुन्छ जस्तो लाग्छ । हाम्रो कार्यक्षेत्र भित्रका किसानहरुलाई मासु, दुध, मह, तरकारी लगायतका वस्तुमा गाउँ गाउँनै आत्मनिर्भर बनाउने हाम्रो योजना छ । साथै तरकारीमा विशेष गरी विषादि रहित अर्ग्यानिक बनाउन जोड दिएका छौँ । त्यसको लागि ऋण लगानी सँगै, विऊ बिजन, तालिम, प्राविधिक सेवा सहित अन्य आवश्यक सहयोग र सेवा प्रदान गरेका छौँ ।

यसको साथै सहाराले नै ऋण प्रदान गरेर व्यवसायमा सक्रिय सदस्यहरुलाई निलो स्टिकर दिएर सहारा उद्यमी सदस्य बनाउने गरेका छौँ । यसको लागि उनीहरु सहाराको मात्रै सदस्य हुनु पर्छ । कम्तिमा पनि सोही व्यवसायबाट आत्मनिर्भर भई व्यावसायिक उत्पादन गरेको हुनु पर्छ । साथै भोलिको दिनमा पनि व्यवसाय गरी उद्यमी बन्ने सोच हुनु पर्छ । उदाहरणको लागि बाख्रा पालक सदस्य हो भने कम्तिमा पनि २० वटा बाख्रा पालेको हुनु पर्छ । अहिले हामीसँग यस्ता सदस्य १ हजार जना छन् । हाम्रो लक्ष भनेको कम्तिमा पनि ५ हजार जना यस्ता उद्यमी सदस्य बनाउने हो । सहारा उद्यमी सदस्यहरुलाई प्राविधिक सहयोग, ब्याजमा सहुलियत, पालिका वा स्थानीय श्रोत साधनसँग जोड्ने, निरन्तर प्राविधिक सेवा दिने जस्ता सहुलियत र सेवा प्रदान गरिन्छ ।

७. उद्यमशीलता विकासमा गरेको काम तथा अन्य गैर वित्तीय सेवा प्रवाह गर्दा संस्थाको समग्र काममा के कस्तो प्रभाव पर्ने रहेछ ?

हामीले सिधै ऋण मात्र दियौँ भने त्यसको खास प्रभाव पर्दैन । ऋणी आफै उद्यमी नबन्न पनि सक्छ कर्जा दुरुपयोग पनि हुन सक्छ । तर गैर वित्तीय सेवाहरु जस्तै प्राविधिक सेवा, सीप, तालिम, बजार व्यवस्थापन, परामर्श, व्यावसायिक योजना निर्माण जस्ता सदस्यको व्यवसायमा सघाउने कार्यक्रम पनि सँगै दियौँ भने सदस्यलाई उद्यमी बनाउन चाडो र सहज हुन्छ । उसले आम्दानी राम्रो गर्न सक्छ । पैसा राम्रो कमाउन थाले पछि भाखा नाघ्दैन र हाम्रो किस्ता समयमै आउने हुन्छ । व्यवसाय विग्रियो र सदस्य नै पिडित भयो भने त्यसको असर संस्थालाई पनि पर्ने हो । त्यसैले वित्तीय साक्षरता र उद्यमशीलताको कुरा एक अर्काको पूरककोरुपमा लिनु जरुरी छ । संस्थाको हितकोलागि पनि पैसाको व्यवस्थापन कसरी गर्ने भन्ने कुरा वित्तीय साक्षरतामा आउँछ भने व्यवसायीको रुपमा कसरी अघि बढ्ने, उपलब्ध श्रोतमा पहुँच कसरी पुऱ्याउने जस्ता कुरामा पनि सहयोग गर्नु पर्छ । मेरो अनुभवमा जब सम्म हामीले वित्तीय सँगै गैर वित्तीय सेवा प्रदान गर्न सक्दैनौ तब सम्म सदस्यलाई उद्यमी बनाउन कठिन हुन्छ ।

८. लघुवित्त कार्यक्रमबाट यति धेरै कुरा सम्भव हुने रहेछ । नेपालमा करीब ५ दर्जन लघुवित्त संस्था तथा सय भन्दा बढी लघुवित्त गर्ने सहकारी संस्था छन् तर उद्यमशीलता विकासमा अपेक्षा अनुसार काम हुन नसकेको किन होला ?

कम्तिमा सदस्यलाई व्यावसायी कसरी बनाउने भन्ने सोच हुनु पर्‍यो । हामी सँग नभएको नुन जस्तो कुरा किनेर खाए पनि सदस्य सँग सानो तिनो खेतीपाती, तरकारी बारी, २ वटा बाख्रा हुन्छ । उ एक प्रकारले आत्मनिर्भर जस्तो हुन्छ । तर उसको आर्थिकस्तर बृद्धि गर्ने हो भने उसलाई व्यावसायिकतासँग जोडनु पर्‍यो । अनि ऋणले आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउँछ । लघुवित्त संस्थाले राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने सोच राख्नु पर्‍यो । म मेरो सदस्य वा मेरो कार्य क्षेत्रका लक्षित परिवारलाई यो तह सम्म पुऱ्याउछु भन्ने लक्ष लिएर अघि बढ्नु पर्‍यो ।

हामीले अब पकेट क्षेत्रहरु विस्तार गरेर जानु पर्छ । अहिले धेरै ठाउँमा किसान वा सदस्यका उत्पादनको बजारको समस्या पनि देखिन्छ । तर जव हामीले कुनै क्षेत्र तोकेर बाख्राको पकेट, तरकारीको पकेट, पशुपालनको पकेट जस्ता विशेष उत्पादन क्षेत्र बनाउन सक्यौ भने बजार त्यहीं पुग्छ । किसानले खोज्नु पर्दैन । भोलिका दिनमा त्यसलाई अझ सुधार गर्दै लगेर गुणस्तरमा ध्यान दिन सक्यौँ भने त्यही पकेट क्षेत्रमा उत्पादित बस्तु देश बाहिर निर्यात पनि गर्न सक्ने अवस्था हुन्छ । जस्तो अहिले सहाराले महको काम गरेको छ । हामीले मह र मौरी पालनबारे सानो तालिम दिएर सदस्यलाई लगानी गरेका थियौँ । अहिले हामीले "सतासि मह उद्योग" मार्फत बर्षमा ६० हजार किलो मह संकलन गरेर, ब्रान्डिङ गरेर बिक्री गरी रहेका छौँ । अव हाम्रो सोच र चिन्तन भनेकै यसलाई कसरी बिदेशमा निर्यात गर्ने भन्ने हो । यसरी नै मासु, तरकारी वा अन्य व्यवसायमा पनि गर्न सके राम्रो प्रभाव देखिन्छ । बंगुरमा पनि त्यसरी नै गर्नु पर्‍यो । गैर कृषिजन्य उत्पादनमा पनि गर्न सकिन्छ । जस्तो हामी कहाँ कपाल काट्ने, चटपटे बनाउने पनि बिदेशबाट आउँछन् । त्यसमा आम्दानी राम्रो छ । एकै दिनमा २, ३ हजार फाईदा गर्छन् । ठूलो लगानी चाहिन्छ भन्ने नै छैन । यस्तो सानो

काममा कति जनशक्ति आवश्यक छ त्यसको लागत राखेर तालिम दिएर सदस्य बनाउने काम गरे त यसले पनि एउटा रुप लिन सक्छ नि । जस्तो अहिले हामीले झापा जिल्लामा वैदेशिक रोजगारबाट फर्केर आएका युवालाई लक्षित गरी ५ लाखका ट्याम्पो उपलब्ध गराएका छौँ । उनीहरुले दैनिक २, ३ हजार कमाई गरी रहेका छन् । परिवारको साथमा बसेर बिदेश भन्दा राम्रो कमाई गरेका छन् । एउटा ट्याम्पोमा माथि इलामबाट तरकारी ल्याएर झापामा बिक्री गरे पनि भयो । अब यसरी हामीले नै केही व्यापार व्यवसाय गर्ने जुक्तिहरु पनि दिनु पर्‍यो ।

९. लघुवित्त कार्यक्रम गर्ने संस्थाले गरीब र विपन्नवर्गलाई ऋणी बनाए तर उद्यमी बनाउने काम गरेनन् भन्ने आरोप लाग्ने गरेको छ । यसमा यहाँको धारणा के छ ?

ऋण दिने मात्र होइन अब सदस्यलाई उद्यमी बनाउनु अनिवार्य छ । कमाएको पैसा नाफा मात्रै बाँडेर खाने हो भने हामी अब धरापमा पर्छौँ । 'घ' बर्गका बैंकहरुले सदस्यको हितमा मुनाफाको १ प्रतिशत मात्रै छुट्याएको छ र त्यसले पुग्दैन भने अझ थपेर भए पनि सदस्यलाई सीप तथा तालिम दिने, सफल उद्यम व्यवसायको अध्ययन अवलोकन भ्रमण गराउने, सफल उद्यमी सँग अन्तरकृया गराउने, विशेषज्ञ सेवा दिने, उनीहरुको उत्साह बढाई दिने जस्ता कामहरु गर्‍यो भने जुनसुकै क्षेत्रमा पनि सफल हुन सक्छ । यस्तो सेवा दिँदा संस्थाको कारोवार पनि बढ्छ । यस्तोमा गर्ने खर्चको प्रतिफल संस्थामै पनि फर्किन्छ ।

अहिले हामीले साना तथा कुटिर उद्योगहरुलाई पनि प्राथमिकतामा राखेका छौँ । सदस्यले आफ्नै घरको एउटा कोठामा सानो मसला पिस्ने उद्योग राखेर पनि आम्दानी गर्न सक्छ भन्ने अवधारणा अनुसार हामीले काम गरी रहेका छौँ । काम गर्ने त सदस्य आफैले हो तर यस्ता नयाँनयाँ व्यवसायको सम्भावनाहरुको जुक्ति सिकाउने र त्यसमा तालिम दिने वा अन्य आवश्यक सहयोग गर्ने काम संस्थाहरुले गर्नु पर्छ । संस्थाहरु सृजनशील हुनै पर्छ ।

१०. अहिले प्रायः सहकारी संस्थाहरूका पदाधिकारीहरूबाट नै धरासायी भएको र बचतकर्ताहरूको रकम दुरूपयोग वा अपचलन गरी बचतकर्ता अलपत्र पारेको सुनिन्छ, यस्तो किन हुन्छ ? यहाँको संस्थामा त्यस्तो रोग सर्न नदिन के उपाय अपनाउनु भएको छ ?

सहकारीहरुले हामी बैंक हौँ भन्ने सोच हटाउनु पर्‍यो । सहकारी पनि सानोसानो पूँजी संकलन गरी साना तथा मध्यम वर्गलाई लगानी गरेर माथि उठाउने काम गर्ने हो भन्ने बुझ्नु पर्‍यो । अहिले जति पनि समस्यामा परेका सहकारीहरु छन् सञ्चालकहरु आफैले घरजग्गामा लगानी गर्ने र आफैले पैसा चलाएको कारणले हो । पहिलो सञ्चालक आफैले आफ्नै संस्थाबाट ऋण खाने कुरा बन्द गर्नु पर्‍यो । अहिले सञ्चालक आफैले करोडौ अपचलन गरेको अवस्था छ । दोस्रो कुरा सानोसानो बढीमा १५-२० लाख सम्म मात्र ऋण लगानी गर्ने र ठूलो ऋण माग्नेलाई बैंकमा पठाउने गर्नु पर्छ । साथै दक्ष कर्मचारी राख्नु पर्‍यो । यस्तो भयो भने समस्या पर्दैन । सहारा नेपाल साकोस चै त्यस्तो संस्थामा पर्दैन । हामी शुरु देखि आरएमडीसीको मापदण्ड अनुसार चलेका हौँ । फेरी लघुवित्त गर्ने संस्था पनि हौँ । हामीले मुनाफा भन्दा पूँजी निर्माणमा जोड दियौँ । जसले गर्दा पछिल्लो पटक सहकारीमा तरलताको ठूलो समस्या आउँदा पनि हामीलाई लगानी गर्न कुनै समस्या भएन । निरन्तर लगानी गर्न सक्यौँ र सदस्यहरुलाई विभिन्न किसिमको गैर वित्तीय सेवा प्रदान गरेको कारण कर्जा असुलीमा पनि समस्या आएन ।

११. हाल चलेको लघुवित्त विरूद्धको आन्दोलन लघुवित्त संस्थाले उद्यमशीलतामा ध्यान दिन नसक्नुको परिणाम त होइन ?

मलाई पनि त्यस्तै लाग्छ । सदस्यले उद्यम, व्यवसाय गरेको भए बजारमा देखिएको जस्तो अवस्था आउने थिएन । धेरैले उपभोगमा खर्च गरे । कर्मचारीले पनि पहिला जस्तो आवश्यकता र क्षमताको ख्याल नगरी बढीबढी ऋण लगानी गरे । छिटो नाफा कमाउने सोचका साथ अघि बढ्नु, बहुकर्जा दिनु जस्ता धेरै कारण छन् । मुख्य त सदस्य उद्यमी बन्न सकेनन् । आम्दानी नै नहुँदा किस्ता तिर्ने बाटो बन्द भयो र समस्या बढ्दै गयो ।

१२. यहाँको अनुभवमा लघुवित्त गर्ने संस्थाहरूले उद्यमशीलताको विषयलाई कसरी लिएका छन् र कसरी लिनु पर्ने हो ?

धेरै संस्थाले उद्यमशीलतालाई प्राथमिता दिएको देखिएन । सदस्य बढाउने, बचत र ऋण बढाउने, नाफा बढाउने भन्ने नै धेरैको उद्देश्य देखियो । यो वित्तीय साक्षरता, उद्यमशीलता जस्ता कुरालाई व्यापकरुपमा लान जरुरी छ । ऋण खाने सदस्यलाई उद्यमशीलताको तालिम अनिवार्य गर्नु पर्दछ । उद्यम नगर्ने सदस्यलाई ऋण नै दिनु हुदैन । कर्मचारीहरुमा पनि यो कुराको हेक्का रहनु पर्छ । पहिला जस्तो मेहनत गर्ने कर्मचारीको खडेरी छ अहिले । यसमा ध्यान दिनु निकै जरुरी छ ।

१३. सदस्यका पढेलेखेका छोराछोरीलाई स्वदेशमै स्वरोजगार बनाई स्वदेशी उत्पादन बढाउने तर्फ सहाराको के योजना छ ?

हाम्रो युवा केन्द्रित कार्यक्रम छ । १ लाख युवालाई विभिन्न कृयाकलापमा सहभागी गराउने योजना छ । युवा एकेडेमी स्थापना गरेर हामी विभिन्न कार्यक्रम गरी उनीहरुको भविष्य उज्वल बनाउने काम भै रहेको छ ।

१४. "घर घरमा उद्यम फैलाऊँ, गरीबीलाई शून्य बनाऊँ" भन्ने तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको नारालाई सार्थक बनाउन सहारा सँग कस्तो कार्ययोजना छ ?

उद्यमशीलता त हामीले गरी रहेका छौँ । जति गर्नु पर्ने हो त्यति नसके पनि हामी लागि परेका छौँ । "घर घरमा उद्यम फैलाऊँ, गरीबीलाई शून्य बनाऊँ" भन्ने यो नारा नै काफी छ । लघुवित्त संस्थाहरुले यसलाई भित्रै देखि मनन गरेर अघि बढे पनि धेरै सफल भईने देखिन्छ ।

१५. सहारा सँग अति विपन्न बर्ग (Hardcore Poor) लक्षित के कस्ता योजनाहरू छन् । आफ्नो कार्य क्षेत्रमा गरीबी शून्य बनाउने योजना छ की छैन ?

अति विपन्न बर्गका मानिसलाई क्रमशः उनीहरुलाई बचत गर्ने बानिको विकास गर्ने र विस्तारै ऋण पनि दिएर अघि बढाउनु जरुरी छ । यसमा सोचे जस्तो काम नभए पनि हाम्रो प्रयास जारी छ । सदस्यलाई विस्तारै उद्यमी बनाउदै लाने, व्यवसायी बनाउदै लाने भन्ने योजना छ ।

(बाँकी पृष्ठ १८ मा)

१७ वटा संस्थाका ३६५ शाखा प्रबन्धक तथा फिल्ड कर्मचारीको

उद्यमशीलता विकास प्रशिक्षक समूह तयार

स्वावलम्बन विकास केन्द्रले मुलुकभरीका १८ वटा लघुवित्त तथा लघुवित्त सञ्चालन गर्ने सहकारी संस्थाहरु सँगको सहकार्यमा उद्यमशीलता विकास कार्यक्रम शुरु गरेको छ। यस अन्तर्गत १७ वटा संस्थाका ३६५जना शाखा प्रबन्धक तथा फिल्ड कर्मचारीहरुले उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम पूरा गरेका छन्। कम्तिमा ४ हजार ५ सय लघुवित्त सदस्यहरुलाई उपयुक्त उद्यम तथा व्यवसायमा संलग्न गराउनुको साथै प्राविधिक तथा सीपमूलक तालिम समेत प्रदान गरी उनीहरुको व्यवसायको विविधिकरण, विस्तारीकरण तथा स्तरीकरण जस्ता कार्यमा सघाउँदै सक्षम उद्यमी बनाउने उद्देश्यले १८ वटा लघुवित्त संस्थाहरु सँगको सहकार्यमा उद्यमशीलता विकास कार्यक्रम शुरु गरेको हो। उक्त कार्यक्रमको दोस्रो चरणमा आयोजना गरेका प्रशिक्षक प्रशिक्षण कार्यक्रमहरु मार्फत १७ वटा लघुवित्त र लघुवित्त गर्ने सहकारी संस्थाका २ सय ४६ जना पुरुष र १ सय १९ जना महिला कर्मचारी गरी कुल ३ सय ६५ जना शाखा प्रबन्धक तथा फिल्डमा काम गर्ने कर्मचारीहरु प्रशिक्षित भएका छन्। यस अघि पहिलो चरणमा सम्बन्धित १७ वटै संस्थाबाट प्रशिक्षक प्रशिक्षण पूरा गरेका उद्यमशीलता विकास स्रोत व्यक्तिहरुले आ-आफ्नो संस्थामा उक्त तालिम कार्यक्रमको संयोजन र सहजीकरण गरेका हुन्। साथै केन्द्रले सबै संस्थाहरुमा तालिमको सहजीकरण तथा मूल्यांकनको लागि पहिलो चरणको उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण पूरा गरेका केन्द्रका चार जना अधिकारीहरु पनि यस कार्यक्रममा सक्रिय रुपमा लागेका छन्।

तीन दिने तालिमको अवधिमा प्रस्तुत भएका कुल १२ वटा सत्रमा सहभागीहरुले उद्यमशीलताका विभिन्न सैद्धान्तिक र व्यवहारिक ज्ञान तथा सीपहरु प्राप्त गरेका थिए। जस अनुसार उद्यमशीलताको अवधारणा, लघुवित्तको माध्यमबाट उद्यमशीलता विकासका सम्भावनाहरू र आफ्ना सदस्यहरूलाई सुरक्षित तरिकाले ऋण उपलब्ध गराउने विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान सिकेका छन्। साथै उद्यम र उद्यमीहरुको छनोट, पहिचान र वर्गीकरण, स्थानीयस्तरमा भएका अवसरको पहिचान र सदुपयोग, उत्पादनको लागत तथा मूल्य निर्धारण र बजारीकरण, लगानीमा प्रतिफल जस्ता विषयहरु पनि समेटिएका छन्। तालिमकै अवसरमा प्रत्येक तालिमका सहभागीहरूलाई लघुवित्तका सदस्यहरूको व्यवसाय

प्रशिक्षणको क्रममा सहभागीहरु

स्थलमा गएर व्यवसायको अध्ययन अवलोकन गराउनुको साथै सूचनाहरु संकलन गरेर व्यावसायिक योजना निर्माण कार्यका अभ्यासमा पनि संलग्न गराईएको थियो।

उक्त प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्देश्य लघुवित्त संस्थाहरूका शाखा प्रबन्धक तथा फिल्डस्तरमा काम गर्ने कर्मचारीको क्षमता अभिबृद्धि गराई उनीहरुको शाखामा उद्यमशीलता विकास गर्न दक्ष बनाउनुको साथै उक्त सीप व्यवहारमा उतार्ने रहेको छ। जस अनुसार उनीहरुले आफ्नो शाखामा गएर कम्तिमा पनि २० जना सम्भावित उद्यमी सदस्यहरु छनौट गरी उनीहरुलाई आवश्यक सीपमूलक तालिमको माध्यमबाट सदस्यहरूको व्यवसाय वा उद्यमको स्तरीकरण गरी व्यावसायिक उद्यमीमा रूपान्तरण गर्नेछन्। साथै आफ्नो शाखामा रहेका सदस्यहरुको विवरण संकलन गरी सो को आधारमा शाखाका सबै सदस्यहरुलाई उद्यमी बनाउने कार्य गर्नेछन्। हाल लघुवित्तबाट वित्तीय सेवा लिएर उद्यमी भन्दा ऋणी मात्रै बन्नेहरुको संख्या अधिक रहेको कारण सदस्यलाई ऋणी मात्र नभई उद्यमी बनाउने दीर्घकालिन लक्षका साथ यो कार्यक्रम शुरु गरिएको हो। साथै यसले लघुवित्त गर्ने संस्थाहरुको गुमेको साख पुरानै अवस्थामा फर्काउन पनि सघाउने छ।

फिल्डमा सूचना सङ्कलन गर्दै प्रशिक्षार्थीहरु

व्यावसायिक योजना निर्माण र प्रस्तुतीकरणको क्रममा प्रशिक्षार्थीहरु

उद्यमशीलता विकास कार्यक्रमको मार्ग चित्र

१. उद्यमशीलता विकास कार्यक्रममा संलग्न प्रत्येक संस्थाका एक जना अधिकारीलाई मुख्य प्रशिक्षक विकास गर्ने। जसको भूमिका आफ्नो संस्थाका शाखा प्रबन्धक तथा कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण दिने हुनेछ।

२. दोस्रो तहमा प्रशिक्षक प्रशिक्षण तालिम पूरा गरेका प्रत्येक सहभागीले आफ्नो शाखाका कम्तीमा २० जना सम्भावित उद्यमीहरूलाई पहिचान गरी विशेष सीप विकास तालिम उपलब्ध गराई उद्यमी बनाईने छ।

३. सम्भावित उद्यमी सदस्यहरुको छनोट गर्दा साना उद्यमको थालनी गरेका र विद्यमान उद्यमलाई विस्तार गर्ने उत्साह र चासो भएकाहरूलाई प्राथमिकता दिईनेछ।

४. उद्यमशीलता विकास सम्बन्धी मुख्य प्रशिक्षकको तालिम प्राप्त गरेका प्रत्येक प्रशिक्षार्थीले लक्षित शाखाको लागि उद्यमशीलता विकास व्यवसाय योजना तयार गर्न शाखालाई प्रशिक्षण दिईनेछ।

५. प्रत्येक प्रशिक्षण प्राप्त शाखा प्रबन्धक र कर्मचारीले ३ महिना भित्र कम्तीमा २० जना ग्राहक सदस्यहरूको पहिचान गरी उनीहरुलाई तालिम दिनुको साथै क्षमता विकास गरी उद्यमी बनाईने छ।

६. स्वावलम्बन विकास केन्द्रले ग्राहक सदस्यहरूलाई उद्यमी बनाउने प्रक्रियामा शाखा र कर्मचारीहरूलाई प्राविधिक परामर्श प्रदान गर्नेछ।

७. स्वावलम्बन विकास केन्द्रले प्रत्येक तोकिएको शाखा प्रबन्धक र कर्मचारीहरूको सहभागितामा प्रगति तथा सिकाईको आवधिक अनलाइन तथा भौतिक उपस्थितिमा समीक्षा गर्नेछ।

८. कच्चा पदार्थको उपलब्धता, बजारको पहुँच, व्यवसाय विस्तारको सम्भावना र विशिष्ट भौगोलिक अवस्था तथा अन्य मापदण्डहरूको आधारमा उपयुक्त देखिएको उद्यमहरुलाई प्राथमिकतामा राखिने छ।

९. छनौट गरिएका सदस्यहरुलाई आवश्यकता अनुसार विषय विशेषज्ञबाट सीपमूलक प्रशिक्षण वा सफल उद्यमीका व्यवसायको स्थलगत भ्रमण गराइने छ।

१०. कृषि तथा पशुपन्छी सम्बन्धी व्यवसायको हकमा निश्चित भौगोलिक क्षेत्रलाई समेटेर तुलनात्मक लाभका आधारमा हरेक सहभागीहरुले आफ्नो क्षेत्रमा विशेष उत्पादन क्षेत्र (पकेट क्षेत्र) निर्माण तथा विकास गर्न ध्यान दिईनेछ।

११. सीप विकास तालिम प्राप्त गरेका सदस्यहरूको आम्दानी, बिक्री, नाफा, रोजगारीको स्थिति, प्रविधिको प्रयोग र सञ्चित सम्पत्ति जस्ता सूचकहरूको आधारमा प्रारम्भिक, मध्यावधि र अन्तिम समयमा सूचना तथा विवरणहरु संकलन गरिने छन्। साथै सङ्कलित विवरणको आधारमा कार्यक्रम कार्यान्वयनको प्रभाव मूल्याङ्कन गरिने छ।

(पृष्ठ १६ बाट ...)

ग्राहक सदस्यलाई ...

१६. वातावरणमैत्री स्वावलम्बन गाउँको विकासमा सहारा नेपाल सँग के योजना छन् ? हाल यसमा कसरी काम अगाडी बढ्दै छ ?

अहिले हामीले इको भिलेजको रुपमा दुईवटा गाउँमा काम गरी रहेका छौँ। सामाजिक व्यवसाय दिवसको दुई वर्षे कार्ययोजना भित्र पनि वातावरणमैत्री गाउँ लगायत के कस्ता कार्यक्रम गर्न सकिन्छ भनेर विभिन्न कार्यक्रम समेटेर कार्य योजना बनाएका छौँ। जुन कार्य योजना पेश गरी सकेका छौँ। दुई वटा गाउँ छनौट भएर शिक्षा तथा बृक्षारोपण जस्ता विभिन्न गतिविधि शुरु भएका छन्। झापा गाउँपालिकाको लसुना र बुधवारेमा ग्रामीण प्रविधि केन्द्रको प्राविधिक सहयोगमा काम शुरु भएको छ। मुख्यतः त्यहाँको आर्थिक सामाजिक अवस्थाको अध्ययन पनि भै रहेको छ। त्यसको आधारमा कुन कार्यक्रम शुरु गर्ने भन्ने निर्क्यौल हुन्छ र थप कार्यक्रम प्रभावकारीरुपमा अघि बढ्ने छन्।

१७. तीन शून्य क्लब प्रवर्द्धन र गठनमा सहारा नेपालले कसरी काम गरी रहेको छ ?

तीन शून्य क्लबको प्रवर्द्धन र गठनमा पनि हामीले तयारी गरी रहेका छौँ। अबको केही महिना भित्र त्यसमा पनि परिणाम देखिने छ।

१८. लघुवित्त क्षेत्रमा ठूलो श्रम र पूँजी छ। यसको सदुपयोग गरी राष्ट्रिय हितमा देखिने गरी कसरी काम गर्नु पर्ला ?

सहकारीहरुले खास गरेर कृषि क्षेत्रमा उत्पादन, प्रशोधन, बजारीकरण सम्म कसरी काम गर्ने भनेर सोच बनाएको अवस्था हो। त्यसको एउटा रुप भनेको सामाजिक व्यवसाय हो। सामाजिक व्यवसाय भन्नाले नाफामुखी नभै समाजको तल्लो वर्गको हित सर्वोपरी राखि गर्ने व्यवसाय हो। जस्तै कतै गोदाम, कतै प्रशोधन केन्द्र बनाउन, कति ठाउँमा सदस्यले उत्पादन गरेको बस्तु संकलन केन्द्रहरु बनाई दिनु पर्ने हुन सक्छ। मोडालिटी जे सुकै हुन सक्छ। स्वामित्वको हिसावले सदस्य वा समुदाय अथवा हामी आफै मिलेर पनि यस्तो काम गर्नु पर्ने अवस्था पनि हुन सक्छ।

अर्को भनेको गैर कृषिमा आधारित साना तथा कुटिर उद्योग बढाउने र यो सँगै मेकानिज्म बनाएर अघि बढ्यौ भने हाल यस क्षेत्रमा परिचालन भैरहेको पूँजीको सदुपयोग गरी आत्मनिर्भर बन्ने अवस्था आउन सक्छ। त्यसको लागि राष्ट्रिय नेटवर्कमा रहेका संस्थाहरुले केही अध्ययन र अनुसन्धान गरी सहयोग गर्नु पर्ने हुन्छ। हुन त स्वावलम्बन विकास केन्द्रले अहिले पनि उद्यमशीलता विकासमा निकै धेरै काम गरेको छ। अझै अध्ययन अनुसन्धान गरी यो ठाउँमा यो गर्ने र यसरी गर्ने भन्ने खालको मार्गनिर्देश गर्दा अझै राम्रो हुन्छ। तर लघुवित्त तथा सहकारी संस्थाले गैर वित्तीय सेवा प्रवाह नगरी ऋण मात्रै लगानी गर्ने हो भने त दिगो विकास सम्भव छैन।

उद्यमी युवा पुस्ता तयार गर्न
१८९ जना युवासँग सम्बाद

गाउँमा अधिकांश युवा बेरोजगार रहेको र रोजगारीको लागि विदेश भौँतारिने गरेको अवस्थालाई दृष्टिगत गरी विद्यालय शिक्षा पुरा गरेका युवाहरुलाई उनीहरुले गर्न सक्ने उद्यम र व्यवसायका विभिन्न पक्षसँग परिचित गराउँदै स्वरोजगार बनाउने उद्देश्यले स्वावलम्बन विकास केन्द्रले लघुवित्त तथा लघुवित्त गर्ने सहकारी संस्थाहरुसँगको सहकार्यमा युवा उद्यमशीलता विकास अभियान शुरु गरेको छ। लघुवित्त ग्राहक सदस्यका विद्यालय तह पूरा गरेका छोराछोरी तथा अन्य युवाहरु लक्षित यस कार्यक्रम अन्तर्गत मुलुक भरी विभिन्न ९ वटा जिल्लाका १८९ जना युवाहरुसँग अन्तर्कृया सम्पन्न भएको छ। जसमा ७० जना युवक र १ सय १९ जना युवतीहरु सहभागी भएका छन्। सबै अन्तर्कृयाहरु विभिन्न लघुवित्त संस्था तथा लघुवित्त सञ्चालन गर्ने सहकारी संस्थाहरु सँगको सहकार्यमा भएका हुन्।

अन्तर्कृयाहरु किसान बहुउद्देश्यीय सहकारी संस्था लि., जीवन विकास लघुवित्त वित्तीय संस्था लि. श्री उदयदेव बहुउद्देश्यीय सहकारी संस्था लि., स्वरोजगार लघुवित्त वित्तीय संस्था लि., चमेली बचत तथा ऋण सहकारी संस्था लि., उपकार लघुवित्त वित्तीय संस्था लि., सहारा नेपाल साकोस, नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. र स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडका सदस्यका छोराछोरीहरु सँग परीक्षणकोरुपमा शुरु गरिएको छ।

अन्तर्कृयाको सहजीकरण केन्द्रका उद्यमशीलता विकास प्रशिक्षक र सम्बन्धित संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा उच्च अधिकारीहरुले गर्नु भएको थियो।

यो अभियान अन्तर्गत सदस्यका छोराछोरी सँग अन्तर्कृया गरी उनीहरुलाई उद्यमशीलताबारे जागरुक बनाउन पहल गरिएको छ। अन्तर्कृयामा युवाहरुको इच्छा, चाहना तथा भविष्यको योजनाबारे सुन्ने तथा उनीहरुलाई आत्मनिर्भरता, स्वरोजगारी तथा स्थानीयस्तरमा भएका अवसरहरुबारे जानकारी गराइन्छ। साथै स्वदेशमै भएका सम्भावना उजागर गर्ने र विदेशिनबाट रोक्न प्रोत्साहित पनि गरिन्छ। पछिलो समय युवाहरुले गर्न चाहेका उपयुक्त व्यवसायमा लगानी गर्न लघुवित्त तथा सहकारी संस्थाहरुले विभिन्न सहुलियत कर्जा, सहयोग कार्यक्रम पनि ल्याएका छन्। अन्तर्कृयाको अवसरमा लघुवित्त तथा सहकारी संस्थाले प्रदान गर्ने सुविधा लगायत स्थानीयस्तरमा उपलब्ध अवसरहरुबारे पनि जानकारी गराईएको छ।

अन्तर्कृयामा सहभागी केही युवाहरुले शुरुमा विदेशमा धेरै अवसर रहेको तर नेपालमा कुनै अवसर र भविष्य नभएको अभिमत व्यक्त गरेका थिए। छलफल पछि उनीहरु स्वदेशमै केही गर्न सकिनेमा आश्वस्थ भएका थिए। केहीले भने स्वदेशमै पनि नविनतम उद्यम एवं व्यवसाय गर्न सकिने धारणा राखेका थिए। साथै सहभागीहरुले उद्यम वा व्यवसाय शुरुवात गर्न वित्तीय संस्थाबाट आर्थिक सहयोगको साथै स्थानीय सरकारबाट स्थानीय बजारमैत्री नीति तथा सीप र ज्ञानको लागि सरोकारवालाहरुको सहयोग हुनु पर्ने धारणा राखेका थिए। साथै केही सहभागीहरुले स्थानीयस्तरमा उद्यम एवं व्यवसाय गर्न राम्रो सम्भावना भएका र आफूले गर्न सक्ने नवीनतम व्यावसायिक अवधारणाहरु समेत प्रस्तुत गरेका थिए।

अन्तर्कृयाको अवसरमा सहभागी प्रमुख लघुवित्त तथा सहकारी संस्थाका कार्यकारी अधिकृतहरु तथा व्यवस्थापनका उच्च अधिकारीहरुले युवाहरु माँझ आर्थिक पहुँच पुऱ्याउनुको साथै उनीहरुसँग भएका नवीनतम व्यावसायिक अवधारणाहरु व्यवहारमा उतार्दै उद्यमी बनाउन आफ्नो संस्थाले सहयोग गर्नुका साथै स्थानीयस्तरमा समेत सहजीकरण गर्न सघाउने धारणा राख्नु भएको थियो।

विभिन्न संस्थाहरुमा युवाहरुसँग गरिएको अन्तर्कृया

२०७९ सालको उत्कृष्ट लघुउद्यमी सदस्यहरुको

व्यावसायिक यात्रा

२०७९ सालको लघुउद्यमी सदस्य पुरस्कार जित्ने बविता मारेम्लुङ, फूलकुमारी थारु र प्रेम कुमारी वलीले फरकफरक समुदाय र भूगोलको प्रतिनिधित्व गर्छन् । तर उनीहरुका बिच धेरै समानता छन् । सबैको बिगत अभाव र दवाबमा बित्यो । तीनै जनाले लघुवित्तको सहयोगमा संघर्ष गरे । गरीबीलाई जिते र सामाजिक प्रतिष्ठा आर्जन गरे । साथै महिला सशक्तिकरण र रुपान्तरणको नमूना बन्न सफल भए । तीनै जनाले ऋणको सदुपयोग मात्रै गरेनन् लघुवित्त कार्यक्रमको असल ग्राहक सदस्यकारुपमा वित्तीय अनुशासनमा बसेर निरन्तर मिहेनत गरेर यो सफलता प्राप्त गरेका हुन् । प्रस्तुत छ ती जीवन बदल्न सफल लघुवित्त सदस्यहरुको संक्षिप्त व्यावसायिक यात्रा ।

१. बविता मारेम्लुङ, सदस्य, स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.

इलाम जिल्लाको चुलाचुली गाउँपालिका ४ की ३२ वर्षीया बविता मारेम्लुङको जन्म बिपन्न परिवारमा भएको थियो । घरमा कसैको रोजगारी थिएन । पाखोबारी अलिअलि भए पनि ६ जनाको परिवार चलाउन धौधौ थियो । बाल्यकाल अभावमै बित्यो । आर्थिक अभावकै कारण बविताले १० कक्षा भन्दा बढी पढ्न सकिनन् । कलिलै उमेरमा बिहे गरेकी बविताको श्रीमानको घरमा पनि आर्थिक अवस्था राम्रो थिएन । १४ जनाको ठूलो परिवार थियो । खान पुग्ने जग्गा थिएन । मजदुरी गरेर परिवार पाल्नु पर्ने अवस्था थियो । केही समय पछि बविता दम्पती सगोलको परिवारबाट अलग भएर आफ्नै तरिकाले दुःख गर्न थाले । बविताले टिनको छाप्रो बनाएर गाउँमै चिया पसल शुरु गरिन् । दशक जति पसलकै भरमा जेनतेन गुजारा भयो ।

छोरी जन्मे पछि परिवार बढ्न थाल्यो । परिवार थपे सँगै आवश्यकता पनि बढ्न थाले । उनीहरु आम्दानीको भरपर्दो बाटो खोज्ने क्रममा थिए । यसै बिच बविताको श्रीमानले गाउँमा स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड नामको संस्थाले बिना धितो ऋण दिएर व्यापार व्यवसाय गर्न सघाउने गरेको थाहा पाए । उनीहरुले घर सल्लाह गरे र स्वावलम्बनबाट ऋण लिएर व्यवसाय गर्ने योजना बनाए । विक्रम सम्वत् २०६६ आषाढमा बविता स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को सुनाखरी स्वावलम्बन महिला केन्द्रमा आवद्ध भइन् । बविताले १५ दिनको पूर्व समूह तालिम पूरा गरिन् । तालिममा समूहमा कसरी बस्ने, के गर्न हुने र के गर्न नहुने भन्ने देखि ऋण कसरी लिने र कसरी परिचालन गर्ने, किस्ता कसरी तिर्ने, व्यवसाय कसरी गर्ने, हिसाब किताब कसरी राख्ने आदि बारे सिकिन् । तालिम पछि बविताले पहिलो ऋण २० हजार रुपैँया लिईन् । १० हजारको तान, ७ हजारको धागो र अन्य आवश्यक सामाग्री जुटाईन् । उ बेला बविताले आफ्नो भान्छा चलाउन पनि समस्या भएकोले ३ हजार रुपैयाँले भान्छामा खाद्यान्न जुटाईन् ।

आफ्नै व्यवसाय शुरु गरे पछि बविताका सुखका दिन शुरु भए । विस्तारै व्यवसायको आकार प्रकार बढ्दै गयो । आफूले तालिम लिदै सीपमा निखारता ल्याईन् । सोही अनुसार व्यवसायमा मुनाफा र पूँजी पनि बढाउदै लगिन् । २०७४ सालमा उनले घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत ओजस्वी ढाका उद्योग नामबाट व्यवसाय दर्ता गरिन् । अहिले यो व्यवसाय आन्तरिक राजश्व कार्यालयमा पनि दर्ता छ । उनले कर्जाको आकार निरन्तर बढाउँदै लगेकी छिन् । पछिल्लो पटक रु.५ लाख रुपैया कर्जा चलाई रहेकी छिन् ।

बविताले २० हजार रुपैयाँबाट शुरु गरेको ओजस्वी ढाँका उद्योगमा अहिले ५ लाख स्थिर पूँजी र १५ लाखको चालु पूँजी निर्माण भएको छ । अहिले उनको तानमा सारी, कुर्ता, कोट, टोपी, जुत्ता, सल, झोला लगायतका तयारी पोशाक उत्पादन हुने गरेका छन् । यस्ता उत्पादनको डिजाइन बविता आफैले गर्छिन् । तानमा बुनेका उत्पादनले राम्रो मूल्य पाई रहेको छ । यहाँ उत्पादन भएका सामानको बजार दमक, विर्तामोड, विराटनगर देखि काठमाडौँ र भारतको सिक्किम र दार्जीलिङ सम्म छ । पछिलो समय बविताको उत्पादन यूरोप र अमेरिका सम्म पनि पुग्ने गरेको छ । वार्षिक

आफ्नो उद्योगमा कपडा बुन्दै बविता मारेम्लुङ

आम्दानी करिब २९ लाख रुपैयाँ हो । बवितालाई वर्षमा सबै खर्च कटाएर ८ लाख रुपैयाँ मुनाफा हुने गरेको छ । उनी ढाका बुन्न सिकाउने प्रशिक्षक पनि हुन् । सिकाएर पनि उनले राम्रो आम्दानी गर्छिन् । ओजस्वी ढाका उद्योगमा अहिले बविताको घरको एक जना र बाहिरको ९ जना सहित १० जनाले रोजगारी पाएका छन् ।

बवितालाई दुईवटा छोरी पढाउन र हुर्काउन कुनै समस्या छैन । अहिले उनले घर जग्गा लगायत पुग्दो भौतिक सम्पति जोडेकी छन् । व्यवसाय पनि फस्टाउँदो छ । बविताले समय र बजारको माग अनुसारका उत्पादन दिन सक्ने गरी सीप र क्षमताको विकास गरेकी छिन् । आर्थिक उन्नतिसँगै अहिले उनको सामाजिक जीवन पनि सुखद बन्न पुगेको छ । गाउँ समाजमा सफल उद्यमीको पहिचान बनाउन सफल भएकी छिन् ।

अभाव र गरिबीमा हुँदा उनले स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडले पत्याएको बिर्सन सकेकी छैनन् । बविता आफू सफल हुन पनि संस्थाकै हात रहेको बताउँछिन् । यद्यपि बविताको आफ्नै मिहिनेत र संघर्ष पनि कम छैन । वित्तीय अनुशासनमा बसेर लघुवित्तबाट लिएको ऋणको सही ढंगले परिचालन गर्ने, निरन्तर व्यवसायमा लाग्ने, लगानी र व्यवसाय बढाउदै जाने र किस्ता समयमै तिर्ने हो भने सहजै सफल हुन सकिने उनको बुझाई छ । यिनै सूत्र पछ्याएकी बविताले लघुवित्तबाट लिएको वित्तीय सहयोगले जीवन परिवर्तन गर्न सकिन्छ भन्ने प्रमाणित गरेकी छिन् ।

२. फूलकुमारी थारु, सदस्य, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

फूलकुमारी थारुको जन्म बि.सं. २०४० सालमा बर्दियाको पदनाह गाउँको एक भूमिहीन परिवारमा भएको थियो । उनको घरमा ज्यालामजदुरी गरेर परिवार धान्नु पर्ने थियो । उ बेला पश्चिम नेपालको थारु समुदायमा कमलरी र कमैया प्रथा थियो । गरीब थारुका छोरीहरु साहु महाजनका घरमा मजदुरकोरुपमा काम गर्ने प्रथा कमलरी प्रथा हो । साहु महाजनलाई खुशी पार्न, जग्गा अधियाँ पाउन, वा दुई छाक टार्ने जस्ता बाध्यताले विपन्न थारुहरु छोरीलाई साहु महाजनको घरमा काम गर्न

आफ्नो बारीमा गोड्मेल गर्दै फूलकुमारी थारु

पठाउन बाध्य थिए । आफू पनि कमैयाँ बनेर काम गर्थे । गरिबीको कारण फूलकुमारी पनि कमलरी बसेकी थिइन् ।

फूलकुमारीले १६ वर्षको उमेरमा गुलरिया १२ भैसाहीका राजु थारुसँग विवाह गरिन् । विवाह गरेर आएको घरको अवस्था पनि उस्तै थियो । जीवन निर्वाहकोलागि फूलकुमारीको दम्पती पनि सँगै कमैया बस्यो । "गरिब हुँदा सबैले हेला गर्थे, समस्या पर्दा वा दुःख विराम हुँदा सापटी पत्याउने कोही थिएन ।" आफ्नो विगतबारे फूलकुमारी भन्छिन् ।

२०६० सालमा उनका श्रीमान् रोजगारी खोज्दै भारत पुगे । यता फूलकुमारीले मजदुरी गर्दै जीवन अगाडी बढाउन थालिन् । कहिले घर कहिले परदेशको रोजगारी गर्दै राजुले एक दशक भन्दा बढी बिताए । यसै बिचमा उनीहरुका छोराछोरीको जन्म भयो ।

एक दिन फूलकुमारीले गाउँमा युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले आफूजस्ता महिलालाई स्वरोजगार बनाउन बिना धितो ऋण लगानी गर्ने गरेको थाहा पाईन् । यसबारे परदेशमा रहेका श्रीमानलाई फोन गरी सुनाईन् । उनीहरूले युनिक नेपाल लघुवित्तबाट ऋण लिने र खेती गर्ने योजना बनाए । २०७१ सालमा फूलकुमारी युनिक नेपालको समूहमा आवद्ध भएर रू. २० हजार ऋण लिईन् । श्रीमान् पनि स्वदेश फर्किए । भारतको कृषि फर्ममा गरेको रोजगारीले गर्दा राजुलाई कृषिबारे राम्रो ज्ञान थियो । पहिलो ऋणबाटै उनीहरुले एक कट्ठा जग्गामा तरकारी खेती शुरु गरे । पहिलो पकट गरेको खेतीमै राम्रो आम्दानी भयो । उनीहरु उत्साहित भएर यसलाई निरन्तरता मात्रै दिएनन्, थरिथरिका तरकारी रोपे । खेती बढाउँदै लगे । हाल उनको तरकारी व्यवसाय २ बिगाहा क्षेत्रफलमा फैलिएको छ । जहाँ खुर्सानी, फर्सी, गोलभेँडा, टमाटर, भन्टा, करेला, बन्दा, लौका, घिरौँला, बदाम र काँक्रो लगायत मौसमी र बेमौसमी तरकारीहरु उत्पादन हुन्छन् । बजारको कुनै समस्या छैन । नेपालगञ्ज, धनगढी, कोहलपुर, बुटवल, काठमाण्डौं सम्मका व्यापारीले उनको खेतबाटै खरिद गरी लैजान्छन् ।

तरकारी खेती गरेको २ बिगाहा जमिन मध्ये १.५ बिगाहा जग्गा प्रति विघा वर्षको रू.४० हजार रुपैयाँ तिर्ने गरी भाडामा लिएको हो । १० कट्ठा आफ्नै व्यवसायको आम्दानीबाट किनेको हो । प्रगति गर्दा गर्दै थारु दम्पतीले हाल कम्तिमा बार्षिक ११ लाख रुपैँयाको उत्पादन बिक्री गर्छन् । सबै खर्च कटाएर वर्षमा कम्तिमा पनि ५ लाख रुपैयाँ मुनाफा हुन्छ । अहिले उनले व्यवसायमा नौला तौरतरिका र उपायहरु पनि अपनाएकी छिन् । मल्चिङ, हाते टेक्टर, पम्प सेट आदि जस्ता उपकरणहरुको पनि प्रयोग गर्ने गरेकी छिन् । फूलकुमारीले ५ वटा साधारण कर्जा, ४ वटा व्यावसायिक कर्जा र मौसमी र घरायसी कर्जा ५-५ चक्र पुरा गरेकी छिन् । हाल उनले ४ लाख २० हजार कर्जा चलाई रहेकी छिन् । फूलकुमारीले आफ्नो सफलताको श्रेय युनिक नेपाल लघुवित्त वित्तीय संस्थालाई दिन्छिन् । "कसैले नपत्याएको बेलामा युनिक नेपाल लघुवित्तले मलाई विश्वास गरेर ऋण दियो । पछि पनि कसरी व्यवसाय गर्ने भनेर साथ, सल्लाह दियो । परेको बेला सबै सहयोग पाएकोले म यहाँ सम्म पुगेकी हु ।" फूलकुमारीले भनिन् । अहिले गाउँ

समाजमा फूलकुमारीको नाम र सम्मान दुवै छ । पहिला विश्वास नगर्नेहरु अहिले सम्मान गर्छन् । उनी अहिले गरीब तथा विपन्न महिलाको लागि प्रेरणाको पात्र पनि बनेकी छिन् ।

फूलकुमारी थारुले लघुवित्तबाट लिएको कर्जा सदुपयोग गरिन् । व्यवसाय गर्छु भनेर लगेको कर्जा व्यवसाय गर्नमै प्रयोग गरिन् । मुनाफाबाट व्यवसायको आकार र प्रकार बढाउदै लगिन् । यसको परिणाम ८ बर्षको छोटो अवधिमा जीवन फेर्न सफल भइन् । ऋणको सदुपयोग गरी काम गरे गरिबीलाई जितेर सामाजिक प्रतिष्ठा समेत आर्जन गर्न सकिन्छ भन्ने उदाहरण हुन् फूलकुमारी थारु ।

३. प्रेम कुमारी वली सदस्य उपकार लघुवित्त वित्तीय संस्था लि.

बाँके जिल्लाको राप्तिसोनारी गाउँपालिका १, कुसुमकी प्रेम कुमारी वलीको जन्म सामान्य किसान परिवारमा भएको हो । उनको परिवारमा निर्वाहमुखी तरिकाले कृषि गर्थे । अभिभावकसँगै प्रेम कुमारीले पनि कृषि कर्म सिकिन् । समुदायमा उ बेला छोरीले पढने भन्दा घरायसी काम जाने गरी खाने कहलिन्थ्यो । त्यसैले प्रेम कुमारीको बाल्यकाल पनि चुलोचौको र खेतीपातीमै बित्यो ।

प्रेम कुमारीले विवाह गरेर आएको घर पनि सामान्य किसान परिवार थियो । खान पुग्ने जग्गा जमिन भएकोले पेट भर्न समस्या थिएन । तर आर्थिक आवश्यकता पूरा गर्न निकै समस्या थियो । चाँडवाँड, लुगाफाटो, मिठोमसिनो लगायतका आवश्यकता पूरा गर्न ज्याला मजदुरी गर्नु पर्ने बाध्यता थियो । यसै बीच प्रेम कुमारी वलीले आफ्नो खेतबारीमा नगदेबाली लाउने योजना बनाईन् । तर उनीसँग नगदेबाली शुरु गर्न आवश्यक पर्ने पूँजी थिएन । ऋण माग्दा गाउँमा कसैले पत्याउने अवस्था थिएन ।

यही बिच उनको गाउँमा उपकार लघुवित्त आयो । गाउँका महिलाहरुले समूह बनाएर ऋण लिएर व्यवसाय गर्ने भए । प्रेमकुमारीले पनि समूहमा बसेर ऋण लिने र नगदेबालीको खेती गर्ने योजना बनाईन् । सोही योजना अनुसार उनी २०७० बैशाखमा समूह नं ९० को मिलिजुली समूहमा आवद्ध भईन् ।

आफ्नो खुर्सानी प्लटमा काम गर्दै प्रेम कुमारी वली

७ दिनको समूह प्रवेश तालिममा समूहमा कसरी बस्ने र कसरी चल्ने, ऋण कसरी लिने, लिएको ऋण कसरी खर्च गर्ने, व्यवसायमा लेखा कसरी राख्ने भन्नेबारे सामान्य जानकारी लिइन् । तालिम पछि रू. ५० हजार ऋण लिईन र आलु खेती गरिन् । शुरुमा आफै खानको लागि सानो बारीमा आलु रोप्ने प्रेमकुमारीले यसपटक उन्नत जातको विऊ ल्याएर २ कठ्ठामा आलु रोपेकी थिईन् । यसले उनलाई मनग्य आम्दानी दियो र थप हौसला मिल्यो ।

पहिलो सफलता पछि प्रेम कुमारी वलीले आफूसँग भएको जग्गासँगै थप जग्गा भाडामा लिएर खुर्सानी, टमाटर, लौका, बोडी, तोरी लगायतको खेती शुरु गरिन् । हरेक बर्ष उनले ऋणको आकार सँगै खेती पनि विस्तार गर्दै गईन् । मुनाफा पनि बढ्दै गयो । हाल उनको कृषि फर्म २२ विगाहा क्षेत्रफलमा फैलिएको छ । ४ विगाहा आफ्नो र बाँकी १८ बिगाहा वार्षिक २० हजार प्रति बिगाहा तिर्ने गरी भाडामा लिएको हो । उनले २०७५ सालमा कर्ण कृषि फार्मको नामबाट व्यवसाय दर्ता गरेकी छिन् । उनको फार्ममा प्लटहरु विभाजन गरी एकीकृत खेती गरिएको छ, जहाँ करिब एक दर्जन किसिमका मौसमी र बेमौसमी तरकारी उत्पादन हुने गर्छन् ।

२०८० आषाढको विवरण अनुसार तरकारी व्यवसायबाट प्रेम कुमारीले प्रति वर्ष रू. १४ लाख आम्दानी गर्छिन् । कर्मचारी ज्याला लगायत सबै खर्च कटाएर रू. ५ लाख मुनाफा हुन्छ । यस बाहेक उनले अण्डा उत्पादनको लागि एक हजार वटा कुइलर जातको कुखुरा राखेकी छिन् । यसबाट बर्षमा ४ लाख सम्म आम्दानी हुन्छ । अहिले उनका श्रीमान् र छोरा पनि यसै व्यवसायमा काम गर्छन् । १० जना बाहिरका मानिसहरुले पनि प्रत्यक्ष रोजगारी पाएका छन् ।

प्रेम कुमारी अहिले अनुभवी व्यवसायी हुन् । हिजो बाहिरको मान्छे सँग बोल्न सम्म डराउने प्रेम कुमारी अहिले फार्मको सम्पूर्ण व्यवस्थापन मिलाउन सक्षम भएकी छिन् । यसको साथै उत्पादनको सीप र बजारको ज्ञान पनि छ । बालीनालीमा लाग्ने रोगब्याधि तथा उपचार, मल तथा पानीको पनि ज्ञान छ । साथै फार्ममा आवश्यक र उपलब्ध औजार एवं प्रविधिहरुबारे पनि जानकारी छ । अहिले उनको फार्ममा सोलार पाता जडान गरी भूमिगत पानी तानेर सिँचाइको व्यवस्था गरिएको छ । खनजोत गर्न हाते ट्याक्टर छ । कम्तिमा पनि दुई थरी मल्चिङ प्लाष्टिक प्रयोग गर्ने गरेकी छिन् । उनको उत्पादन बाँके र दाङ जिल्लाका मुख्य बजारहरुमा जाने गर्छ । उनले ढुवानी गरी दिनु पर्दैन, व्यापारीहरु फार्ममै लिन आउँछन् । उनले स्थानीय बजारमा आफ्नो उत्पादन बेच्न आफैले घुम्ती पसल पनि शुरु गरेकी छिन् ।

प्रेम कुमारी उपकार लघुवित्तले प्रदान गरेको बिना धितो ऋण सँगै व्यवसाय गर्न दिएको सल्लाह र प्रेरणाका कारण आफू सफल भएको बताउँछिन् । अहिले उनीसँग आर्थिक सँगै सामाजिक प्रतिष्ठा पनि छ । हिजो जस्तो आर्थिक अभाव छैन । साथै घर बाहिरको संसार नदेखेकी प्रेम कुमारीले अहिले व्यवसायको सबै व्यवहार मिलाउन सक्ने भएकी छिन् ।

शाखा प्रबन्धकहरूको क्षमता विकास कार्यक्रम

स्वावलम्बन विकास केन्द्रले फिल्डस्तरमा प्रबन्धकहरुबाट भएका अभ्यास एवं कार्य सम्पादनको गुणस्तर सुधार्ने उद्देश्यले लघुवित्तका शाखा प्रबन्धकहरुलाई लक्षित गरी "प्रशिक्षकको भूमिकामा शाखा प्रबन्धक" विषयक दुई दिने तालिम पाठ्यक्रम तयार गरी तालिम दिन शुरु गरेको छ। उक्त तालिम कार्यक्रम अन्तर्गत हाल सम्म चार वटा तालिम सम्पन्न भएका छन्। तालिमबाट स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेडका ६८ जना र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडका २४ जना सहित ७८ जना पुरुष र १४ जना महिला प्रबन्धकहरु गरी कुल ९२ जना प्रबन्धकहरु प्रशिक्षित भएका छन्।

तालिम कार्यक्रमको उद्देश्य शाखा प्रबन्धकहरुलाई आफू मातहतका कर्मचारीहरुलाई कुशल नेतृत्व प्रदान गरी उनीहरूको क्षमता र दक्षता अभिवृद्धि गर्नु रहेको छ। साथै तालिमले प्रबन्धकहरूलाई संस्थागत दिगोपनमा योगदान पुऱ्याउन, शाखाहरूको प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न विवेकपूर्ण निर्णयहरू गर्न सघाउने अपेक्षा गरिएको छ।

केन्द्रले सञ्चालन गरेको पहिलो र दोस्रो तालिम कार्यक्रममा केन्द्रका अध्यक्ष शंकर मान श्रेष्ठले लघुवित्तको उद्देश्य र मूल मर्म बारे जानकारी गराउँदै लघुवित्तको बिग्रेको छवि सुधार्न फिल्डमा काम गर्ने कर्मचारीहरुले लघुवित्तको मूल्य र मान्यता अनुसार इमान्दारितापूर्वक सकारात्मक सोच राखेर काम गर्नु पर्ने बताउनु भयो। साथै उहाँले लघुवित्तको शुरुवाती अवस्थामा लघुवित्तकर्मीहरुको असल कर्मले गर्दा नै लघुवित्त कार्यक्रम सफल र लोकप्रिय भएको दृष्टान्त दिदै पछिल्लो समय कर्मचारीको गलत कार्यशैलीको कारण लघुवित्तको छवि धमिलो भएको र अनेकौं समस्याहरु पैदा भएको धारणा राख्नु भएको थियो। साथै उहाँले सदस्यहरु सँग काम गर्ने फिल्डस्तरका कर्मचारीहरुमा इच्छा शक्ति भएमा अहिलेका समस्या हल गर्न कठिनाई नहुने बताउनु भयो।

तालिम कार्यक्रमहरुमा स्वावलम्बन विकास केन्द्रका कार्यकारी प्रमुख बेचन गिरी र निर्देशक सतिश श्रेष्ठ, स्वावलम्बन लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र सिंह विष्ट, मानुषी लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले सहभागीहरुलाई सक्रिय

प्रशिक्षकको भूमिकामा प्रबन्धक विषयक तालिमका सहभागीहरु

सहभागिता जनाउनुको साथै तालिममा सिकेको ज्ञान र सीप प्रयोग गरी संस्थाको कार्यको गुणस्तर बढाउन ध्यान दिनु पर्ने बिचार राख्नु भयो।

तालिमको सहजीकरण नेशनल इन्स्टिच्युट फर लिडरशिप डेभलपमेन्टका विकल प्रसाद शेरचन र उषा मल्ल सिंहले गर्नु भएको थियो। उहाँहरुले हरेक व्यक्तिले आफू, आफ्नो काम र आफ्नो क्षमता एवं जिम्मेवारीलाई सहि ढंगले कसरी चिन्ने भन्ने बारे उपाय सिकाउँदै सोही अनुसार क्षमताको उत्कृष्ट प्रदर्शन गर्ने उपयाहरु पनि सिकाउनु भएको थियो।

तालिमको अवसरमा सहजकर्ताहरुले व्यवस्थापन र प्रशिक्षण बिचको भिन्नताबारे प्रष्ट पार्दै मानिसहरु मूलतः विश्लेषण गर्ने, अभिव्यक्त गर्ने, मिलनसार र अरुलाई डोऱ्याउने खालको गरी ४ प्रकारको स्वभावका हुने र लघुवित्तकर्मीहरुमा मानिसहरु चिन्न सक्ने क्षमता भए ग्राहक सदस्यहरूलाई पहिचान गर्न र सोही अनुसार आफ्ना कर्मचारी परिचालन गर्न तथा कार्यनीति बनाउन सघाउने उल्लेख गर्नु भयो। यसको साथै उहाँले कार्यस्थलमा आफूसँग भएको पूर्ण क्षमता प्रदर्शन गर्न आफ्ना भावनाहरू तथा क्रोध व्यवस्थापन कसरी गर्ने भन्ने जस्ता विषयमा पनि जानकारी गराउनु भएको थियो।

प्रशिक्षक विकल शेरचनले सधै खुसी रहने विवेकशील नेतृत्वले कसरी संसार परिवर्तन गर्न सक्छ भन्ने विषयमा छलफल गर्दै सहभागी शाखा प्रबन्धकहरुलाई लघुवित्तकर्मीको रुपमा सामाजिक परिवर्तन र रूपान्तरणका लागि असल र विवेकशील नेतृत्व बन्न उत्प्रेरित गर्नु भएको थियो। सहभागीहरुलाई ध्यानशीलताको बारेमा एक ध्यान अभ्यास गराउँदै शेरचनले हरेक व्यक्ति आफ्नो लक्ष्यमा कसरी केन्द्रित हुने भन्ने विषयमा पनि प्रष्ट्याउनु भएको थियो। साथै उहाँले मानिस खुशी हुन प्रभाव पार्ने तत्वहरू : संलग्नता, घृणा, अज्ञानता, द्विबिधा र भ्रम, लोभ र ईर्ष्या र गर्व बारे जानकारी गराउँदै यस्ता तत्वहरुले मानिसको सफलता र असफलतामा कसरी प्रभाव पार्छ भन्नेबारे प्रष्ट पार्नु भएको थियो।

प्रशिक्षक उषा मल्ल सिंहले शाखा प्रबन्धकहरु लक्षित गरी प्रशिक्षणका सिद्धान्तहरू र प्रशिक्षकमा हुनु पर्ने सीपहरू बारे जानकारी गराउनु भएको थियो। साथै आफूमा भएको क्षमतामा कसरी निखार ल्याउने, क्षमताको प्रदर्शन कसरी गर्ने, काम प्रति एकाग्र कसरी हुने र यस्ता विषयले मानिसको व्यक्तित्व र क्षमतामा कसरी प्रभाव पार्छ भन्ने बारे विभिन्न ध्यान र अभ्यास सहित बुझाउनु भएको थियो।

तालिम समापनको अवसरमा सहभागीहरुको तर्फबाट मन्तव्य दिनेहरुले तालिमको सिकाई समसामयिक र अहिलेको सन्दर्भमा निकै आवश्यक रहेको बताउँदै यस प्रकारको सिकाईले कार्यक्षेत्रमा काम गर्न नयाँ प्रकारको ज्ञान र ऊर्जा प्राप्त भएको प्रतिक्रिया दिएका थिए। साथै सहभागीहरुले आफूसँग भएको क्षमता प्रदर्शन गर्न तथा फिल्डमा नयाँ तरिकाले काम गर्न तालिम निकै फलदायी हुने उल्लेख गरेका थिए। सफलतापूर्वक तालिम पुरा गर्ने सबै ९२ जनालाई प्रमाणपत्र पनि प्रदान गरिएको थियो।

चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन
२०८० फागुन ५ र ६ मा आयोजना हुने

नेपालका लघुवित्त संस्था तथा लघुवित्त कार्यक्रम गर्ने सहकारी संस्थाहरुको सबै भन्दा ठूलो भेला राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको चौथो संस्करण २०८० फागुन ५ र ६ मा काठमाडौंमा आयोजना गरिने भएको छ। चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आयोजना गर्न गठित १४ सदस्यीय आयोजक समितिको बैठकले उक्त मिति तय गरेको हो।

लघुवित्तको वर्तमान अवस्थाको समीक्षा गर्नुको साथै भविष्यमा कसरी अघि बढ्ने भन्ने बारे विस्तृत रुपमा छलफल हुनेछ। छलफलमा लघुवित्तका ग्राहक सदस्य, लघुवित्तकर्मीहरु, लघवित्तका सञ्चालक, लघुवित्त क्षेत्रका विज्ञ, नियामक निकायका प्रतिनिधि, अभियन्ता तथा अन्य सरोकारवालाहरु गरी करिब आठ सय जना एकै मञ्चमा भेला भएर लघुवित्तले आर्थिक विकास एवं समाजमा पारेको प्रभाव र पुऱ्याएको योगदानको विषयमा मूल्याङ्कन, समीक्षा तथा छलफल हुनेछ। यसको लागि दुई दिनमा करिब आधा दर्जन विषयगत सत्रहरु आयोजना गरिने छन्। सम्मेलनमा नेपाल भरीबाट भेला हुने करिब छ सय ग्राहक सदस्यका प्रतिनिधिमूलक अनुभव र अनुभूतिहरु पनि सुनिने छन्। जसको माध्यमबाट लघुवित्त कार्यक्रम कसरी अघि बढ्ने भन्ने साझा धारणा बनाइने छ। सम्मेलनले आगामी दुई वर्षको अवधिमा कार्यान्वयन गर्ने गरी कार्ययोजना समेत तयार गर्ने छ। यसको साथै लघुवित्त क्षेत्रले योगदान गर्न आवश्यक गैर वित्तीय सेवा तथा सामाजिक उत्तरदायित्वको विषयमा पनि प्राथमिकताका साथ छलफल हुनेछ। जस अन्तर्गत मुख्यतः युवा उद्यमशीलता, तीन शून्य क्लब, उद्यमशीलता विकास तथा जलवायु परिवर्तनको जोखिमसँग कसरी अघि बढ्ने भन्ने विषयहरु रहने छन्।

हाल बढ्दो बेरोजगारी सँगै युवाहरुको विदेश पलायन, सीप र दक्षताविहीन युवा पुस्ता र स्वदेशमै लघुउद्यमी र दक्ष श्रमशक्तिको अभाव जस्ता समस्याहरु छन्। यसको साथै विश्वभर बढ्दो जलवायु परिवर्तनको कहरले नेपालमा लघुवित्तको लक्षित वर्गलाई पनि जोखिममा पारेको छ। अध्ययनहरुले मुख्य गरी निम्न आयस्तर र जीवन धान्ने सीमित विकल्पहरु भएका समुदाय, हिमाली क्षेत्रमा बसोबास गर्नेहरु, जल जमिन र जंगलसँग प्रत्यक्ष रुपमा आश्रित समुदाय र महिलाहरु जलवायु परिवर्तनको हिसाबले बढी जोखिममा रहेको देखाएका छन्। लघुवित्तको लक्षित वर्ग पनि यिनै समुदाय भएको कारण जलवायु परिवर्तनको विषय लघुवित्त क्षेत्रको लागि प्रत्यक्ष सरोकारको विषय हो। यसर्थ सम्मेलनमा लक्षित वर्गको जीवनस्तर उकास्दै जोखिम बहन क्षमता बढाउने तर्फ छलफल हुनेछ। यसको साथै वातावरणमैत्री आनिबानी, तौरतरिकाबारे सन्देश प्रवाह गर्न हाम्रा रैथाने ज्ञान, सीप, परम्पराको संरक्षण र समुचित प्रयोग गरी वातावरणमैत्री ढंगले समृद्धि हासिल गर्न लघुवित्तको बृहत सञ्जालको प्रभावकारी परिचालन तर्फ पनि छलफल हुनेछ।

हिजो लघुवित्तले प्राप्त गरेको ठूलो उपलब्धि मध्ये विकट भौगोलिक क्षेत्रमा पुगेर गरीब तथा बिपन्न वर्गमा पुऱ्याएको वित्तीय पहुच पनि एक हो। यसले गरीब र विपन्न वर्गलाई मिटरब्याजको दलदलमा फस्नबाट जोगाएको थियो। तर पछिल्लो समय मिटरब्याज समाजमा भूषको आगो जस्तै सल्किएको छ। मिटरब्याजका कारण सर्वश्व गुमाउनेहरु पनि धेरै छन्। व्यवहार बिग्रेका लघुवित्त सदस्य समेत साहुमहाजनकोमा पुगेर मिटरब्याजीको फन्दामा परेका थुप्रै दृष्टान्त छन्। त्यसैले मिटरब्याज पीडितहरु माँझ लघुवित्तको पहुँच पुऱ्याउने विषय पनि सम्मेलनको एक महत्वपूर्ण एजेण्डा हुनेछ।

चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनका अवसरमा लघुवित्तको मर्म अनुसार घरघरमा उद्यमशीलता विकास गर्न उत्कृष्ट काम गर्ने संस्था, कर्मचारी वा लघुवित्तका ग्राहक सदस्य, वातावरणमैत्री स्वावलम्बन गाउँ निर्माणमा उत्कृष्ट काम गर्ने लघुवित्त संस्था वा कर्मचारी, तीन शून्य क्लब प्रवर्द्धनमा उत्कृष्ट काम गर्ने लघुवित्त संस्था, कर्मचारी वा अन्य व्यक्ति र गरीबीको रेखामुनि रहेका अति विपन्न परिवारको जीवनस्तर उकास्न उत्कृष्ट काम गर्ने लघुवित्त संस्था वा व्यक्ति गरी चार वटा विधामा पुरस्कार प्रदान गरिने छ।

प्रत्येक दुई वर्षमा लघुवित्त सञ्चालन गर्ने प्रमुख लघुवित्त तथा सहकारी संस्थाहरुको पहल एवं स्वावलम्बन विकास केन्द्रको संयोजनमा राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको आयोजना हुँदै आएको छ। जस अनुसार सबै सरोकारवाला एवं सहभागीहरूको सहयोग र सक्रियतामा यस अघि **"उद्यमशीलताको विकास, गरिबी निवारणको निकास"** नारा सहित पहिलो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन, **"स्वच्छ लघुवित्त, हाम्रो अभियान"** नाराका साथ दोश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन र **"घर घरमा उद्यम फैलाऊँ, गरिबीलाई शून्य बनाऊँ"** नाराका साथ तेस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन सफलतापूर्वक सम्पन्न भएका थिए।

यस अघि सम्पन्न तीन वटै राष्ट्रिय सम्मेलनको प्रभावस्वरुप अहिले लघुवित्त क्षेत्रलाई केही हद सम्म सही बाटोमा हिडाउन तथा चलायमान बनाउन बल पुगेको छ। साथै लघुवित्त क्षेत्रले गरीबी, बेरोजगारी र खुद कार्बन उत्सर्जन न्यूनिकरण जस्ता विषयमा काम गर्दै सामाजिक उत्तरदायित्व बहन गर्ने तर्फ अग्रसरता लिन सफल भएको छ। सदस्यहरूको उद्यमशीलता वृद्धिमा सबै सरोकारवालाहरूको ध्यान आकर्षित भएको छ। उद्यमशीलता नै समृद्धिको मार्ग हो र यसको विकासमा सबै लघुवित्त सदस्यहरू र लघुवित्तकर्मीहरू निरन्तर लागी रहनु पर्छ भन्ने सन्देश प्रवाह भएको छ।

चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन गरीबी र बेरोजगारी शून्य बनाउने उद्देश्यलाई केन्द्रित हुनुको साथै हाल लघुवित्त क्षेत्रमा देखिएको विसंगति र विचलनहरुलाई नियन्त्रण गरी लघुवित्त सेवालाई अझ सदस्यमुखी बनाउन र उत्पादनशील, सक्षम र दिगो बनाउन, संस्थागत एवं कार्यगत शुद्धिकरण र सवलीकरणको उपायहरु पहिल्याउन, सामाजिक व्यवसायकोरुपमा सामाजिक लक्ष हासिल गर्ने अठोटका साथ अघि बढ्न, लक्षित वर्गको विकासको नयाँ सम्भावनाहरु खोजबिन गर्न सहायक सिद्ध हुने अपेक्षा राखिएको छ।

स्वावलम्बन विकास केन्द्र (CSD)
– Institute of Microfinance & Cooperative Development
पो.ब.नं. ८८५२, माइतीघर हाईट, काठमाडौं, नेपाल
फोन : ९७७-१-५३६५६३५, ५३५६७८६, Email: csd@mos.com.np, Web: www.csdnepal.org.np